फागुन – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क २२ | २०७१, फागुन १६–३० | पूर्णाङ्क ५४४



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न.  ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री टीकाबहादुर खड्का

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| वृहद् पूर्ण इजलास | १ |
| पूर्ण इजलास | २ |
| विशेष इजलास | ६ |
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | ४ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | १३ |
| जम्मा | ५७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, फागुन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **वृहद पूर्ण इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण/ परमादेश | आन्तरिक राजस्व कार्यालयसमेत वि. मोहनलक्ष्मी मास्के | |
| **पूर्ण इजलास** | | | **२-३** |
| २. | निर्णय बदरसमेत | रवि शमशेर जबराको मु.स. गर्ने खोत्सव राज्यलक्ष्मी मल्लसमेत वि. मदालसा सिंह | |
| **विशेष इजलास** | | | **३-७** |
| ३. | उत्प्रेषण | राजीव बास्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण/ परमादेश | अधिवक्ता अनन्त कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | उत्प्रेषण/ परमादेश | अधिवक्ता ज्ञानेन्द्रराज आरणसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **७-१०** |
| ६. | खुन डाँका | नेपाल सरकार वि. वकिल मियाँ मुसलमान | |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमला राई | |
| ८. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. माधवप्रसाद घिमिरे | |
| ९. | अंश दर्ता | बिजुलीदास तत्वासमेत वि. भिखारी दास तत्वासमेत | |
| **इजलास नं. १** | | | **१०-१६** |
| १०. | बन्दी प्रत्यक्षीकरण | Dechen Yangtso को तर्फबाट अधिवक्ता □न्द्रप्रसाद अर्याल वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | |
| ११. | निषेधाज्ञा | मेराजुद्धीन मिस्त्री वि. नेपालगन्ज नगरपालिकाको कार्यालय, नेपालगन्ज, बाँकेसमेत | |
| १२. | निषेधाज्ञा/ परमादेश | प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, महोत्तरी वि. लाल बिहारी दास का□स्त | |
| १३. | निषेधाज्ञा/ परमादेश | रामकृष्ण श्रेष्ठसमेत वि. अधिवक्ता मदनकुमार दाहाल | |
| १४. | निषेधाज्ञा/ परमादेश | जितन मण्डलसमेत वि. फागु यादव, राजेश्वर यादवसमेत वि. फागु यादव | |
| १५. | निषेधाज्ञा | बिना थापा वि. सीता थापामगरसमेत | |
| १६. | लेनदेन | रामकेब रायसमेत वि. रामपतिप्रसाद साह | |
| १७. | लेनदेन | बलबहादुर थापा वि. दिवस न्यौपानेसमेत | |
| **इजलास नं. २** | | | **१६-१८** |
| १८. | बन्दी प्रत्यक्षीकरण | देवेन्द्रप्रसाद ध्वजुको हकमा निजको छोरा अनुभव ध्वजु वि. केन्द्रीय अनुसन्धान ब्युरो, नेपाल प्रहरी महाराजगन्ज, काठमाडौंसमेत | |
| १९. | उत्प्रेषण/ परमादेश | पुनम शर्मासमेत वि. भूमिसुधार कार्यालय, बाँके, नेपालगन्जसमेत | |
| २०. | बाली बिगो | जनपुरा देवी शाही हमालसमेत वि. भागरथी देवी विष्टसमेत | |
| **इजलास नं. ३** | | | **१८-१९** |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हरिशचन्द्र बोहोरा | |
| २२. | उत्प्रेषण/ प्रतिषेध | रमेशप्रसाद दवाडी वि. मेचीकाली □न्टरनेसनल प्रालिसमेत | |
| **इजलास नं. ४** | | | **१९-२३** |
| २३. | उत्प्रेषण | हिल्वर्ट □न्टरनेसनल कलेज प्रा.लि. को अख्तियारप्राप्त अध्यक्ष प्रा.डा. प्रेमनारायण अर्याल वि. शर्मिला आचार्यसमेत | |

| | | |
|---|---|---|
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राज भन्ने तुल्सी वि.क.समेत |
| २५. | जबर्जस्ती करणी | पदम सापकोटा समेत वि. नेपाल सरकार |
| २६. | जबर्जस्ती करणी | टेकबहादुर वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२३-२५** |
| २७. | उत्प्रेषण | दिलबहादुर शाहसमेत वि. मालपोत कार्यालय, मुगुसमेत |
| २८. | बेलगती मोही लगत कट्टा | सुखल दास व[illegible]गी वि. यद खाँ थारू |
| २९. | लेनदेन | समुन्द्रदास श्रेष्ठ वि. राकेशभक्त श्रेष्ठ |
| ३०. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. अजयकुमार यादव |
| ३१. | बन्दी प्रत्यक्षीकरण | गंगाराम लाखु भन्ने गंगाराम लघु वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबारसमेत |
| **इजलास नं. ६** | | **२५-३०** |
| ३२. | उत्प्रेषण | मनोजकुमार मिश्र वि. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौं |
| ३३. | उत्प्रेषण/ परमादेश | रमेश भोमी वि. पुनरावेदन अदालत, पाटनसमेत |
| **इजलास नं. ७** | | **३०** |
| ३४. | जबर्जस्ती करणी | बिरबल राई वि.नेपाल सरकार |
| **इजलास नं. ८** | | **३०-३३** |
| ३५. | उत्प्रेषण | केशव के.सी. वि. मोहनलक्ष्मी पाण्डेसमेत |
| ३६. | जग्गा नामसारी | जगतलक्ष्मी श्रेष्ठ वि. दुर्गालाल श्रेष्ठसमेत |
| ३७. | उत्प्रेषण | शम्भु के.सी. वि क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल, सानोठिमी भक्तपुरसमेत |
| ३८. | उत्प्रेषण | रविन्द्रप्रसाद सिंह वि. शिक्षा मन्त्रालयसमेत |

| | | |
|---|---|---|
| **एकल इजलास** | | **३३-३४** |
| ३९. | उत्प्रेषण/ परमादेश | रेश्मा डंगोल वि. सेफ बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौंसमेत |
| ४०. | उत्प्रेषण | हवेन्द्रलाल राई वि. मालपोत विभाग, बबरमहल काठमाडौंसमेत |
| **रीत/बेरीत आदेश** | | **३४-३८** |
| ४१. | बङ्[illegible]किङ कसुर | दिनेश तामाङ वि. नेपाल सरकार |
| ४२. | बहुविवाह | दीपक भन्ने कुश्माखर पाण्डेको हकमा जिवलाल पाण्डे वि. नेपाल सरकार |
| ४३. | ठगी | एसे लोडेई लामा वि. नेपाल सरकार |
| ४४. | गोबध | अशोक लामिछाने वि. नेपाल सरकार |
| ४५. | निषेधाज्ञा/ परमादेश | राजेन्द्रकुमार खेतानसमेत वि. कैलाशचन्द्र गोयल |
| ४६. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. भुल्ला भन्ने राम एकवाल राउत |
| ४७. | ज्यान मार्ने उद्योग | दामोदर पासवानसमेत वि. नेपाल सरकार |
| ४८. | अपहरण तथा शरीर बन्धक | प्रविन भन्ने टेकबहादुर बोगटी वि. नेपाल सरकार |
| ४९. | कर्तव्य ज्यान | लोकबहादुर थापामगर वि. नेपाल सरकार |
| ५०. | अंश दर्ता | बुद्धिबहादुर न्यौपानेसमेत वि. गोमाकुमारी राउत |
| ५१. | लेनदेन | विदुर लोचन भन्ने तारा लोचन न्यौपाने वि. ईश्वरप्रसाद गुरागाईंसमेत |
| ५२. | अंश चलन | प्रकाशराज पाण्डे वि. प्रदीपराज पाण्डे |
| ५३. | कुटपीट | रानीदेवी कान्दु वि. सरस्वती यादव भन्ने सुरसती अहिर |

## वृहत् पूर्ण इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री गोपाल पराजुली, मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-RV-०४९२, ०६७-RV-०१९५, ०६७-RV-०१९६, उत्प्रेषण/परमादेश, *आन्तरिक राजस्व कार्यालयसमेत वि. मोहनलक्ष्मी मास्के, अर्थ मन्त्रालय वि. मोहनलक्ष्मी मास्के, आन्तरिक राजस्व विभाग वि. मोहनलक्ष्मी मास्के*

पुनरावलोकनको निवेदन सम्बन्धमा यस अदालतको पूर्ण इजलासहरूबाट एउटा निश्चित सिद्धान्तको विकास भई विभिन्न मुद्दाहरूमा ती सिद्धान्तहरूको पालना भएको समेत देखिन आयो । यस अदालतबाट मुद्दा मामिलाको रोहमा भएको निर्णय र आदेशको पालना सबैले गर्नुपर्ने र मुद्दा मामिलाका रोहमा यस अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नुपर्ने छ भनी नेपालको अन्तरिम संविधान,२०६३ को धारा ११६ मा व्यवस्था भएबमोजिम यस अदालतको पूर्ण इजलासबाट प्रतिपादन भएको कानूनी सिद्धान्तलाई यो इजलासले पनि अनुशरण गर्नुपर्छ भन्ने कुरामा विवाद हुन नसक्ने ।

प्रस्तुत पुनरावलोकनको निवेदनउपर पूर्ण इजलासबाट मिति २०६८।८।२३ मा सुनुवाइ हुँदा रामकृष्ण निराला विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको पुनरावलोकन निवेदन नं. ५१३ को मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६५।४।१७ मा निर्णय हुँदाको प्रतिपादित सिद्धान्तसँग असहमति जनाएको र यससम्बन्धी अभ्यासमा एकरूपता नभएको भनेको भए पनि उपर्युक्त सिद्धान्तसँग असहमति जनाउने कुनै कानूनी र सैद्धान्तिक आधारहरू प्रस्तुत गरेको पाइएन, न त उपरोक्त सिद्धान्तसँग बाझिने गरी अन्य कुनै सिद्धान्त प्रतिपादन भएको भनी उल्लेख गरेको पाइयो । उक्त इजलासले आफू पूर्वप्रतिपादित सिद्धान्तसँग असहमत भएको भनेको बाहेक अन्य कुनै प्रकारले यस कानूनी प्रश्न सम्बन्धमा परस्पर बाझिने गरी अन्य विभिन्न अभ्यासहरू रहेका वा अनेकरूपता रहेको भनी देखाउन सकेको छैन । वस्तुतः यस अदालतबाट रामकृष्ण निराला, गुठी संस्थान र आफ्नो हकमा समेत ऐ. का प्रशासक सेमन्तराज चापागाईं र रोलिङ लिभर डिस्टिलर्स प्रा.लि. का अधिकारप्राप्त गुरूप्रसाद अधिकारीको मुद्दामा प्रतिपादित सिद्धान्तसँग असहमत हुने वा सो रायमा परिवर्तन गर्नुपर्नेसम्मको कुनै युक्तियुक्त कारण, अवस्था र औचित्यसमेत रहेको देखिएन । त्यस्तो पूर्व सिद्धान्तलाई परिवर्तन गर्नुपर्ने अवस्था रहे भएको कुनै ठोस आधार र कारणसहित यसअघिको पूर्ण इजलासबाट मिति २०६८।८।२३ मा आदेश भएको पनि नदेखिएकाले पूर्ण इजलासको उक्त आदेशसँग सहमत हुन नसकिने । माथि विवेचित आधार र कारण एवम् यस अदालतबाट प्रतिपादन भएको उपर्युक्त सिद्धान्तसमेतको आधारमा यस अदालतको संयुक्त इजलासका न्यायाधीशहरूबीच राय नमिली पूर्ण

इजलासबाट सुनुवाइ भई पूर्ण इजलासबाट विवादित प्रश्नहरूको निरूपण भई एउटा निश्चित कानूनी सिद्धान्त बनिसकेपछि सो विषयलाई फेरि पुनरावलोकनको रोहबाट हेर्न न्याय प्रशासन ऐन, २०४८ को दफा ११(२) को खण्ड (ख) को व्यवस्था, फैसला अन्तिमताको सिद्धान्त तथा न्यायिक परिपाटीसमेतको परिप्रेक्ष्यमा औचित्यपूर्ण र वाञ्छनीय मान्न मिल्ने अवस्था नहुँदा यस अदालतको पूर्ण इजलासको मिति २०६६।१०।७ को अन्तिम आदेशउपर पुनरावलोकनको निवेदन ग्रहण गरी कारवाही गर्नसमेत नमिल्ने । यस अदालतको तीन जना न्यायाधीश सम्मिलित पूर्ण इजलासको मिति २०६८।८।२३ को आदेशमा पूर्ण इजलासले मिति २०६५।४।१७ मा निवेदक रामकृष्ण निराला विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको पुनरावलोकन निवेदन नं. ५१३ को उत्प्रेषण मुद्दामा पुनरावलोकन निवेदन खारेज हुने ठहर्‍याई भएको व्याख्यासँग सहमत नभई पुनरावलोकनको निस्सा दिने ठहर्‍याई पुनः तीनजना भन्दा बढी न्यायाधीश सम्मिलित पूर्ण इजलासमा पेस गर्न आदेश भएकोबाट उक्त निस्साले अन्तिम रूप ग्रहण गरेकोसमेत नदेखिएकाले र सो राय कायम रहन सक्ने आधार कारण एवम् औचित्यसमेत नदेखिएकाले मिति २०६८।८।२३ को आदेश ग्राह्य नहुँदा उक्त पुनरावलोकनको निवेदन लाग्नसक्ने नदेखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर २६ गते रोज ६ शुभम् ।

## पूर्ण इजलास

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६५-DF-०००२, निर्णय बदरसमेत, *रवि शमशेर जबराको मु.स. गर्ने खोत्सव राज्यलक्ष्मी मल्लसमेत वि. मदालसा सिंह*

शान्त शमशेर र अचला राज्यलक्ष्मीबीच २०२७ सालभन्दा अघि नै सम्बन्ध विच्छेद भएकोमा सम्बन्ध विच्छेदपछि जे जति सम्पत्ति अचला राज्यलक्ष्मीको हक भोगमा छ सो सम्बन्धमा शान्त शमशेरले आफ्नो जीवनकालमा कुनै उजुर नगरेको अवस्था र स्थितिमा अचला राज्यलक्ष्मीको नाममा रहेको सम्पत्तिमाथि स्वभाविकरूपमा नै निज अचला राज्यलक्ष्मीको हक रहेको देखिन आउँछ । यसरी सम्बन्ध विच्छेद भएकी भाउजू अचला राज्यलक्ष्मीको नामको सम्पति स्त्री अंशधनको २ नं. बमोजिमको हुने भई निज भाउजूले आफूखुस गर्न पाउने नै हुँदा स्त्री अंशधनको महलको नं. को कानूनी व्यवस्थाअन्तर्गत नै निज अचला राज्यलक्ष्मीले यी प्रतिवादीलाई गरिदिएको मिति २०४४।११।१६ को शेषपछिको बकसपत्र दाता स्वयम्ले बदर गराउन सकेको नदेखिँदा अब आएर सो लिखत बदर गरिपाउँ भनी मुद्दा गर्ने वा उक्त लिखत बदर गराउने हकदैया अ.बं. ८२ नं. बमोजिम यी वादीहरूलाई रहे भएको देखिन नआउने ।

दाता अचला राज्यलक्ष्मीले प्रतिवादी मदालसा सिंहलाई गरिदिएको मिति

२०४४।११।१६ को शेषपछिको बकसपत्रको लिखत सदर कायम रही मिति २०५१।३।१ मा दाताको मृत्यु भएपछि बकस गरिदिएको उक्त कि.नं. १९३ को क्षेत्रफल ०-१-० र ऐ. कि.नं. १९४ को जग्गाबाट कित्ताकाट भई कायम भएको कि.नं. २४३ को क्षेत्रफल ११-६-२ को जग्गामा यी प्रतिवादीको हक हुन आएको देखिएकाले प्रतिवादीको हकको सम्पत्तिमाथि वादीको दावी पुग्न नसक्ने ठहर्‍याएको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०५८।९।५ को फैसला मिलेको देखिँदा उक्त फैसला सदर गर्ने गरी माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहद्वारा व्यक्त भएको राय मनासिब देखिँदा उक्त राय सदर हुने ठहर्छ। वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६५-DF-०००३, हक कायम, *रवि शमशेर जबराको मु.स. गर्ने खोत्सव राज्यलक्ष्मी मल्लसमेत वि. मदालसा सिंह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## विशेष इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-००२०, उत्प्रेषण, *राजीव बास्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

भैरहेको कुनै कर लागू गर्ने वा नगर्ने वा दर परिवर्तन गर्ने कार्य प्रत्येक वर्ष जारी हुने आर्थिक ऐनले गर्दछ। अर्थात् करको तत्सम्बन्धी ऐनका प्रावधान आर्थिक ऐनको प्रावधानबाट संशोधन र परिमार्जन हुने गर्दछन्। संसदमा पेस गरिएको बजेटको व्यवस्थालाई कानूनी रूप दिन सरकारले व्यवस्थापिका-संसदमा आर्थिक विधेयक प्रस्तुत गर्ने र संसदबाट पास भएमा मात्र कार्यान्वयनमा आउने संवैधानिक व्यवस्था रहेको देखिन्छ। संसदबाट आर्थिक विधेयक पास हुन केही समय लाग्ने भए पनि करका दरहरू भने प्रत्येक आर्थिक वर्षको सुरूकै दिनबाट सक्रिय हुने भएकाले नयाँ करको दर लगाउने उठाउने कार्यलाई वैधानिकता प्रदान गर्न वा आर्थिक विधेयक प्रस्तुत हुन नसकेको स्थितिमा पहिलेदेखि लगाइआएको करलाई निरन्तरता दिई रिक्तताको स्थितिबाट रोक्न विधायिकाले नै कार्यपालिका/सरकारलाई सामयिक कर असुल ऐन, २०१२ अनुसार सूचित आदेश जारी गरी कर लगाउन सक्ने गरी अधिकार प्रदान गरेको देखिँदा त्यस्तो कार्यलाई विधायिकाबाट निर्मित ऐनले नै प्रष्ट अधिकार प्रदान गरेबाट त्यसको वैधानिकतालाई अन्यथा भन्न मिल्ने अवस्था नरहने।

अर्थ विधेयक संसदबाट पारित नभई ऐन नबन्ने र ऐन नबनी कर उठाउन, करका दर बढाउन वा घटाउन नसकिने भएकाले घोषणा गरिएका करका प्रस्तावहरू तत्काल लागू नगर्दा देशको अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभाव र राजस्व अपचलनको खतरालाई अन्त्य गर्न विधायिकाले सामयिक कर असुल ऐन, २०१२ को निर्माण गरी लागू गरेको भन्ने लिखित

जवाफकर्ताको भनाईमा विमती जनाउनुपर्ने अवस्था रहेन । सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर उठाउने कार्यलाई निरन्तरता दिए पनि विधायिका संसदमा पारितको लागि बजेट पेस गर्ने, सोउपर दफावार छलफलपश्चात संशोधनसहित वा संशोधनरहित पास हुने संवैधानिक प्रावधानसमेतलाई विचार गर्दा कर लगाउने सम्बन्धमा संसदको अधिकार नै कटौती गर्ने गरी उक्त ऐनले अनियन्त्रितरूपमा सरकारलाई अधिकार प्रत्यायोजन गरेको रहेछ भनी मान्न नमिल्ने ।

सिद्धान्ततः कर लगाउने, उठाउने जस्तो कार्य जनप्रतिनिधिमूलक संस्थाको स्वीकृतीबिना सरकार आफैले गर्नसक्ने पनि देखिँदैन । त्यसैले No Taxation Without Representation भन्ने म्याग्नाकार्टाले स्थापित गरेको मान्यतालाई हाम्रो मुलुकको संविधानमै सो प्रावधान राखी तदअनुरूप उक्त सिद्धान्तलाई व्यवहारमा अपनाई आएको देखिन्छ । जनप्रतिनिधिमूलक संस्थाले कानून तर्जुमा गरेर मात्र कर लगाउन पाउँछ भने कर लगाउने कानूनले पनि कर लगाउने कुरा स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ भन्ने मान्यता राखिन्छ । कर कानूनको सिद्धान्तलाई नेपाल कानून र संविधानले पनि स्वीकार गरिसकेको सन्दर्भमा जनप्रतिनिधिमूलक संस्थाको स्वीकृतिबिना सरकारले कर लगाउने परिकल्पनासम्म पनि गर्न नसकिने ।

राजश्व र खर्चसम्बन्धी अनुमान व्यवस्थापिका-संसदमा पेस भई पारित नहुँदासम्मको अवधिका लागि कार्यकारीलाई तत्सम्बन्धी कार्य गर्न विशेष सुविधा प्रदान गर्ने आवश्यकताको सिद्धान्तको आधारमा सक्षम व्यवस्थापिकाबाट निर्माण गरिएको सामयिक कर असुल ऐन, २०१२ को व्यवस्थाअनुसार सरकारले प्रत्येक वर्ष राजपत्रमा सूचना प्रकाशन गरी कर उठाउने कार्यलाई निरन्तरता दिए पनि त्यस्तो विधेयक व्यवस्थापिका-संसदमा पारितको लागि सरकारी विधेयकको रूपमा सरकारका अर्थमन्त्रीले संसदमा पेस गर्ने र विधायिकामा दफावार छलफल भई पारितसमेत हुने हुँदा संसदको स्वीकृतिबिना नै सरकारले एकतर्फीरूपमा कर लगाएको रहेछ भन्ने अर्थमा ग्रहण गर्न मिल्ने नदेखिने ।

कानूनअनुरूप नै कर लगाइएको वा बढाइएको र कर उठाइएको विषय भएको र विधायिकाले नै सामयिक कर असुल ऐन, २०१२ बनाई लागू गरेको हुँदा सोबमोजिम आर्थिक विधेयक पेस हुने र सूचित आदेश जारी गरी कर लगाउनेसमेतको अवस्थालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९(१), ८४(२),(३) को भावनासँग सामयिक कर असुल ऐन, २०१२ का प्रावधानहरू बाझिएको देखिन नआएको र रिट निवेदकको मागबमोजिम रिट जारी गर्ने संवैधानिक आधार विद्यमान रहेको नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतःईश्वर पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल चैत १३ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:-

- ०६८-WS-००१०, उत्प्रेषण, सीताराम अग्रवाल वि. अर्थ मन्त्रालयसमेत
- ०६८-WS-००१२, उत्प्रेषण, सीताराम अग्रवाल वि. अर्थ मन्त्रालयसमेत

- ०६८-WO-०१६६, उत्प्रेषण, सीताराम अग्रवाल वि. अर्थ मन्त्रालयसमेत

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WS-०००९, उत्प्रेषण/परमादेश, *अधिवक्ता अनन्त कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

राज्य कर नतिरी जग्गाजमिन भोग गर्ने प्रथालाई अन्त्य गर्ने भनी राज्यले लिएको नीतिगत व्यवस्थाबमोजिम त्यस्ता बिर्ता जग्गा दर्ताका लागि सदैव कानूनी व्यवस्था खुला राख्न उपयुक्त नभई छिटो छरितोरूपमा यस्ता जग्गाहरूको टुङ्गो लगाउन कानूनले समयावधि तोकेको त्यस्तो नीतिगत औचित्यतामा प्रश्न उठाउनु कानून र संविधानसम्मत हुँदैन । बिर्ता उन्मूलन ऐन, २०१६ मा (तेस्रो संशोधन) २०४९ ले दफा ७क थप गरी "ख" श्रेणीको बिर्ता जग्गा कमाउने व्यक्तिले दर्ता गर्न पाउने व्यवस्था गरेको कानूनको उक्त व्यवस्थाले नै जग्गा कमाउने व्यक्तिले दर्ता गर्नसक्ने गरी दर्ता प्रक्रियाको सुनिश्चितता गरी दर्ता गर्ने अवधि तोकी उदार व्यवस्था गरेको अवस्था छ । जग्गा दर्ता विषयलाई टुङ्गो लगाउन समयसमयमा म्याद थप गर्ने वा सूचना प्रकाशित गर्ने कार्य पनि भई आएको देखिएको त्यस्तो अवस्थामा अवधि तोकिएको कारणले हक गुम्न गएको भन्ने अर्थ गर्न मिल्ने देखिँदैन । "ख" श्रेणीको जग्गा दर्ता गर्नको लागि जग्गा कमाउने व्यक्तिको हकको समाप्ति गरेको नभई हक प्रदान गर्न निश्चित समयमा जग्गा दर्ता गर्न निवेदन माग गरेको विधायिकाको असल मनसायलाई गलत अर्थबोध गरी समयसीमा वा हदम्याद सदाको लागि खुला माग गर्नु उचित मान्न नसकिने ।

समयको परिवर्तन र सामाजिक आवश्यकताअनुरूप सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न कस्तो कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको अधिकारक्षेत्रभित्र पर्ने विषय हुँदा निवेदन दिने म्याद कानूनले तोक्छ भने त्यो सबै पक्षले स्वीकार गर्नुपर्दछ । "ख" श्रेणीको बिर्ता जग्गा कमाउने व्यक्तिले जग्गा दर्ताका लागि निवेदन दिन र त्यसको टुङ्गो लगाउन म्याद तोकी सूचना प्रकाशित गर्ने कार्य भई आएको र प्रचलित कानूनको म्याद तोक्ने र कार्यान्वयन गर्ने हक राज्यसँग अन्तरनिहित विषय भई सोहीबमोजिम विधायिकाले नियमन गर्न बनाएको कानूनलाई त्यसमा अन्यथा भन्न मिल्ने अवस्था छैन । यसकारण समय सापेक्षित हुने किसिमबाट कानूनमा समयसीमा वा हदम्यादको विषयमा नीतिगत निर्णय गरी सोको व्यवस्था गर्न विधायिकामा अधिकार निहित रहने हुँदा विधायिकी अधिकारको सम्मान गर्नु सबै पक्षको कर्तव्य हुने ।

हदम्याद वा समयसीमासम्बन्धी व्यवस्था व्यक्तिका हक अधिकारमा अङ्कुश लगाउन वा समाप्त गर्नका लागि नभई सम्बन्धित पक्षले विलम्ब नगरी निश्चित गरिएको समयसीमाभित्र उपचार खोज्नु भनी उपचार माग गर्न समय निर्धारण गरिएको हो । हदम्यादको प्रश्न व्यक्तिको अधिकारसँग सम्बन्धित हुने हुँदा व्यक्तिले निश्चित समयसीमाभित्र उपचार खोजी आफ्नो हक सुरक्षित गरून् भन्ने राज्यको मूल स्वार्थ रहने र यही राज्यको मूल स्वार्थलाई

नियमन गर्ने विधायिकाले हदम्यादसम्बन्धी कानून बनाउने हुँदा हदम्याद कानून बनाउन नहुने भन्ने निवेदकको दावी कानून एवम् संविधानसम्मत रहेको देखिन आउँदैन । "ख" श्रेणीको बिर्ता जग्गा दर्ताका लागि निवेदन दिने प्रक्रिया तोकेको कानूनी व्यवस्था र सोबमोजिम प्रकाशित सूचनाले समयसीमा निर्धारण गरेको व्यवस्थाले नेपालको अन्तरिम संविधान २०६३ को धारा १९ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी अधिकारको उपयोगमा बन्देज लगाएको भन्न मिल्ने अवस्था नहुने ।

स्ववासी घर वा सो घरले चर्चेको घरजग्गा र बेनिस्सा जग्गाको दर्ताको विषयमा मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) मा भएको व्यवस्था, रैकर जग्गा दर्ता गर्न छुट भएकोमा छुट जग्गा दर्ताको प्रक्रियाको विषयमा मालपोत नियमावली, २०३६ को नियम ४क को उपनियम (१) मा भएको व्यवस्था र "ख" श्रेणीको बिर्ता जग्गा दर्ताको प्रक्रियाको विषयमा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क को उपदफा (१) र (२) मा भएको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९(१), (२) तथा ३ सँग बाझिएको नदेखिएकाले उक्त कानूनको अधिकारको प्रयोग गरी नेपाल सरकारले मिति २०५९।६।७, २०६६।८।२८ तथा २०६८।१०।१६ को नेपाल राजपत्रमा प्रकाशित गरेको सूचनाहरूसमेत कानून एवम् संविधानप्रतिकूल नहुँदा राज्यले लिएको नीतिगत व्यवस्थाबमोजिम जग्गा दर्ताका विषयमा सोलाई नियमन गर्ने कानून बनाई समयसीमा निर्धारण गरिएको कार्यबाट निवेदकलगायत सम्बन्धित पक्षका हकमा कुनै प्रतिकूल असर पारेको अवस्था नहुँदा कानूनले लिएको नीतिगत औचित्यभित्र प्रवेश गरी कानून बदर गर्न तथा कानूनले दिएको अख्तियारीबमोजिम जारी भएका सूचनासमेत बदर गर्न न्यायोचित नहुने भएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WS-०००२, ०७१-WO-०२३९, उत्प्रेषण/परमादेश, *अधिवक्ता ज्ञानेन्द्रराज आरणसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ज्ञानेन्द्रराज आरणसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ बमोजिम गठन हुने आयोगका सदस्य सिफारिस गर्ने समितिको अध्यक्ष पूर्व प्रधानन्यायाधीशहरूमध्येबाट हुने सोही उपदफा (३) को व्यवस्थाले स्थायी प्रकृतिको पद सिर्जना गरेको भन्ने नदेखिई आयोगका पदाधिकारीहरूको नियुक्तिको सिफारिस गरिसकेपछि स्वत: विघटन हुने देखिन्छ । उपरोक्त सिफारिस गर्ने आयोगमा अध्यक्षका अतिरिक्त अन्य सदस्यहरूसमेत रहेको र अध्यक्ष नै निर्णायक भन्ने देखिन नआउने ।

संविधानको धारा १०६(२) को व्यवस्थाको सर्वसामान्यरूपमा प्रयोग र पालना गर्नुपर्ने कुरामा विवाद छैन । त्यसविपरीत गरेको

कार्यबाट कसैको हक अधिकारमा हनन् भएको वा सार्वजनिक हितमा विवाद परेको अवस्थामा उपचारको हक गतिशील बनाउने ठाउँ सदैव खुला नै रहने देखिने।

प्रस्तुत मुद्दामा नेपालको अन्तरिम संविधानले सो संविधान जारी भएको ६ महिनाभित्र त्यस्ता आयोग गठन गरिसक्नुपर्ने व्यवस्था गरेकोमा विविध कारणबाट आयोग गठन हुन नसकी करिब सात वर्षपछि मात्र आयोग गठन भएको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ रिट निवेदनमा समग्र सिफारिस समितिको तथा सो समितिले नियुक्तिको सिफारिस गर्ने आयोगको वैधतालाई चुनौती दिइएको पनि देखिएको छैन । आयोगका पदाधिकारीको नियुक्तिका विषयमा विवाद उठेका बखत यस सम्बन्धमा विचार हुनसक्ने नै हुँदा एकजना व्यक्तिको उपस्थितिले सिफारिस समितिले गरेको सम्पूर्ण सिफारिस अन्यथा हुन जाने गरी आदेश जारी गर्न मिलेन। अत: निवेदन दायर हुँदाको परिस्थितिमा परिवर्तन आई निवेदनमा उठाएको विषयवस्तुको औचित्य र सान्दर्भिकता नै समाप्त भैसकेको हुँदा निवेदकले उठाएका संवैधानिकताका प्रश्नहरूमा प्रवेश गरी निरूपण गरिरहनुपर्ने अवस्था नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुनपर्ने।

सिफारिस समितिको वैधानिकताका सम्बन्धमा प्रश्न उठाई दायर गरेको रिट निवेदन नै औचित्य समाप्त भएको भन्नेसमेत आधारमा खारेज हुने ठहरेको हुँदा सिफारिस समितको छनौट प्रक्रिया, २०७१ र उक्त प्रक्रियाबमोजिम मिति २०७१।६।३ को गोरखापत्र दैनिकमा प्रकाशित सूचनासमेत बदर गरिरहनुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृत: शिवप्रसाद खनाल, विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RC-०००३, खुन डाँका, *नेपाल सरकार वि. वकिल मियाँ मुसलमान*

प्रतिवादीहरू हातहतियारसहित मिति २०६०।१।१३ गते राति १०.३० बजेदेखि जिल्ला कपिलवस्तु पत्थरदेहीया गाविस वडा नं. २ को पर्सवाडीहवा गाउँमा डकैती गर्न सुरू गरी अन्दाजी १२.३० बजेको समयमा विसुनपुर गा.वि.स. वडा नं. ८ मौजा पटपर गाउँमा जाहेरवाला घनश्याम शुक्लाको घरमा ढोका ढक्ढक्याउँदा जाहेरवालाको भाइ मृतक विजयकुमार शुक्ला भागी गाउँमा गुहार मागी होहल्ला गरेकाले गुहार माग्ने निज विजयकुमार शुक्लालाई वकिल मियाँ मुसलमानले बन्दुकले फायर गरी हानेका त्यसपछि समिम दर्जी मुसलमानले पनि कट्टा बन्दुकद्वारा फायर गरेको र यस खुन डाँका वारदातमा प्रतिवादी गोली भन्ने जाकिर हुसेन मुसलमान, वकिल, मियाँ मुसलमान, चिन्के कहार, गोवरे हरिजन, सोमई कहार, रामदयाल लोनिया, छोटेलाल धोबी मुसलमानसमेतका व्यक्तिहरूले जाहेरवालाको घरबाट धनमाल डाँका गरेको देखिने।

प्रतिवादी वकिल मियाँ मुसलमानलाई सहअभियुक्तहरू गोली भन्ने जाकिर हुसेन र समिम दर्जी मुसलमानले मौकामा बयान कागज गर्दा यस खुन डाँका वारदातमा प्रतिवादी वकिल मियाँ मुसलमानले विजयकुमार शुक्लामाथि सर्वप्रथम बन्दुकले गोली प्रहार गरेको भनी पोलेको देखिन्छ । निज प्रतिवादीद्वय गोली भन्ने जाकिर हुसेन मुसलमान र समिम दर्जी मुसलमानलाई यसअघि यसै मुद्दामा यस सर्वोच्च अदालतबाट मिति २०६५।१२।९।१ मा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्नेगरी अन्तिम फैसला भइसकेको प्रमाण मिसिलबाट देखिन्छ । डाँकाहरूले भाइ विजयकुमार शुक्लालाई गोली प्रहार गरी हत्या गरेको भनी जाहेरी दिने जाहेरवाला घनश्याम शुक्लाले जाहेरी दरखास्तलाई समर्थन गरी अदालतमा बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने रामचरित्र शुक्ला, विमला देवी शुक्ला, वस्तुस्थिति मुचुल्काका रामविलास पासवान, वर्षाती पासी, राधेश्याम पासी, लौटु कहार, रामसुरत पासी, घटनास्थल लास जाँच मुचुल्काका मानिस चिन्कु पासी, समी महमद गद्धि, राम कृपाल हरिजनले मौकाको कागजलाई समर्थन गर्दै अदालतमा आई बकपत्र गरेको देखिन आउँछ । मिसिल कागजातबाट प्रतिवादी वकिल मियाँ मुसलमानले सर्वप्रथम विजयकुमार शुक्लालाई गोली हानेको भन्ने खुल्न आई मृतक विजयकुमार शुक्लामाथि गोली प्रहार गर्ने मुख्य व्यक्ति भन्ने देखिँदा प्रतिवादी वकिल मियाँ मुसलमानलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदसमेत ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।२।९ गतेको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: अमिरत्न महर्जन

इति संवत् २०७१ साल असोज ३ गते रोज ६ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-RC-००४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कमला राई*

प्रतिवादी कमला राई अदालतसमक्ष कसुरमा इन्कार रहे पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष खुलस्तरूपमा घटनाको सिलसिलाबद्ध तरिकाले के कारणले कसरी अशोक राईलाई कर्तव्य गरी मारेको भन्ने सन्दर्भमा प्रतिवादीकी नाबालिग छोरीलाई करणी गर्ने गरेको र प्रतिवादीलाई अपशब्द बोलेको भन्ने कुरा व्यक्त गरेको अवस्था छ । प्रतिवादीको मौकाको साबितीलाई घटनास्थल लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन व्यहोराले पुष्टि गरिरहेको छ । प्रतिवादीको ६ वर्षिया छोरी अन्जली राईले आमा कमला राईले मृतक अशोक राईलाई घाँटी थिचेर मारी दलिनमा झुन्ड्याएको देखेको भनी कागज गरेको देखिन्छ । यसरी समग्र मिसिल प्रमाण कागजातका आधारमा प्रतिवादीको छोरीलाई मृतकले यौन दुर्व्यवहार गरेको र प्रतिवादी स्वयम्लाई गालीगलौज गर्ने गरेको कारणबाट वारदातको दिन मृतकलाई घाँटी थिचेर कर्तव्य गरी मारेको भन्ने अभियोग दावी पुष्टि भएको देखिँदा प्रतिवादी कमला राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मनासिबै देखिने ।

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको

सजाय ठहरे पनि घटना भएको परिस्थिति हेर्दा ६ वर्षिय अन्जली राईले गरेको मौकाको कागजबाट निज नाबालिकालाई प्रतिवादीले मौका छोपेर अनैतिक यौन क्रियाकलाप गर्ने गरेको भन्ने देखिन्छ । आफ्नै दाजु नाताको व्यक्तिबाट यौन हिंसा पीडित नाबालिकाको चित्कार सुनेर नाबालिकाको आमा कमला राईलाई असैह्य भएको अवस्था देखिन्छ । जुन कुरा स्वाभाविक हो । त्यसमाथि मृतकले प्रतिवादीलाई गरेको गालीगलौजबाट अपमानित भएको कारणले यो कर्तव्य ज्यानको वारदात घटित भएको देखिन्छ । यसरी प्रतिवादीको कारणले नभै मृतकको उच्छृङ्खल आपराधिक क्रियाकलापका कारणले प्रस्तुत वारदात घटित हुन गएको देखिँदा प्रतिवादीलाई उक्त ठहरेको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्नजाने हुँदा अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय हुन राय ठहरसहित पेस भएको साधक जाहेरी फैसला सदर हुने ।

इजलास अधिकृत: महेन्द्र पोखरेल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल फागुन २३ गते रोज ६ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा. न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१२४८, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. माधवप्रसाद घिमिरे*

सवारी चलाउन पाउने योग्यताविहीन व्यक्तिले हेभी सवारी साधन चलाई जनधनको क्षति हुन गएमा त्यसबाट राज्य एवम् सर्वसाधारणमा पर्नजाने क्षतिको न्यूनीकरण गर्न र यात्रालाई सुरक्षित बनाउन राज्यको दायित्व हुने भएकाले अनधिकृत व्यक्तिले अनधिकृत रूपमा आफूखुसी सरकारी कागज बनाई प्रयोग र उपभोग गर्ने त्यस्ता व्यक्तिलाई कानूनको दायरामा ल्याई कानूनले निर्दिष्ट गरेको सजायको भागीदार बनाउनु नै कानून र न्यायको उद्देश्य रहने हुँदा सरकारी कागज किर्ते गर्ने त्यस्ता व्यक्तिले बहन गर्नुपर्ने फौजदारी सजायको दायित्वबाट उन्मुक्ति पाउनसक्ने अवस्था हुन नहुने ।

सम्बन्धित निकायबाट जारी नै नभएको सवारी चालक अनुमतिपत्रको वर्ग थप गरी सरकारी छाप र दस्तखतसमेत किर्ते गरी आफ्नो नामको सवारी चालक अनुमतिपत्र बनाई प्रयोग गर्नु नै अभियोग दावी प्रमाणित हुने यथेष्ट आधार हुन् । अनधिकृतरूपमा लाभ लिने मनसयाकासाथ किर्तेजन्य गैरकानूनी कार्यमा उद्यत भई सो कार्य पूरा गर्दछ र लाभ प्राप्त गरेको देखिन्छ भने सो अवस्थामा त्यस्ता व्यक्ति किर्तेका कसुरदार भई कानूनले निर्दिष्ट गरेको सजायको भागीदार हुने हुँदा सरकारी छाप र दस्तखतलाई नक्कली बनाउने कार्य किर्ते कागजको महलको ९ नं. ले गरेको सजायको कसुर मात्र नभई सोही महलको १२ नं. ले थप सजाय हुने कसुर हो भन्ने कुरा स्पष्ट छ । यसरी कानूनले व्यवस्था गरेको थप सजाय भोग्नुपर्ने फौजदारी सजायको दायित्वबाट यस्ता व्यक्तिले उन्मुक्ति पाउनसक्ने अवस्था नरहने ।

प्रतिवादी माधवप्रसाद घिमिरेले आफू योग्यता परीक्षामा अनुत्तीर्ण भएपछि अन्य व्यक्तिको सहयोगमा सरकारी छाप, अड्डाको अधिकृतको दस्तखत, कार्ड र होलोग्रामसमेत किर्ते गरी “A”, “F” र “G” वर्ग थपी सवारी चालक अनुमतिपत्र प्राप्त गरेको देखिँदा सो कार्य सरकारी छाप दस्तखत किर्तेजन्य कार्य हुँदा किर्ते

कागजको महलको ९ नं. बमोजिम सजाय गरी सोही महलको १२ नं. बमोजिम थप एक वर्ष कैद सजाय ठहर गर्नुपर्नेमा सोही महलको ९ नं. बमोजिम रू. ५०।– जरीवाना गरी १२ नं. अन्तर्गतको दावी पुग्न नसक्ने ठहर गरेको ललितपुर जिल्ला अदालतको मिति २०६६।११।२० को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।११।२३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी माधवप्रसाद घिमिरेलाई किर्ते कागजको महलको १२ नं. बमोजिम थप एक वर्ष कैद सजायसमेत हुने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक १७ रोज २ शुभम्।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०९५७, अंश दर्ता, *बिजुलीदास तत्वासमेत वि. भिखारी दास तत्वासमेत*

विवादित कि.नं. ४३६, ४३८ र ४४० का जग्गाहरू निज मोही पिताम्बर दासको मृत्युपछि जग्गाधनीले पुनरावेदक वादीहरूलाई मोही नपत्याई प्रतिवादी भिखारी दासलाई मोहीमा पत्याएको कारण निजको नाममा मोही हक नामसारी भई प्राप्त भएको तथ्य मिसिल संलग्न प्रमाण कागजबाट देखिने।

विवादित कि.नं. ४३६, ४३८ र ४४० का जग्गाको सम्बन्धमा सुरू जिल्ला अदालतले वादीहरूलाई पनि अंशबन्डा लाग्ने गरी गरेको मिति २०६७।१।२७ को फैसला पुनरावेदन अदालत, हेटौंडाले केही उल्टी गरी वादीहरूलाई अंशबन्डा नलाग्ने ठहर्‍याएको सो हदसम्म मिति २०६८।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असोज ३१ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WH-०००७, बन्दीप्रत्यक्षीकरण, *Dechen Yangtso को तर्फबाट अधिवक्ता इन्द्रप्रसाद अर्याल वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

अध्यागमनको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी Dechen Yangtso समेत भएको मुद्दा नं. ०७०-CR-०३४७, को राहदानी ऐन, २०२४ अन्तर्गतको जुन मुद्दामा यी निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्ने निवेदन जिकिर छ, सो मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।५।३१ मा फैसला भई निवेदकलाई कैद र जरिवाना दुबै सजाय हुने ठहरेको भन्ने आजै पेसीमा देखाई फिर्ता लैजाने गरी प्राप्त हुन आएको उक्त मुद्दाको मिसिलबाट देखिएकाले उक्त फैसलाउपर कानूनबमोजिम पुनरावेदन गर्न पाउने अवस्था रहेको र पुनरावेदन परेमा सोही पुनरावेदनकै रोहबाट कानूनबमोजिम निर्णय हुने नै हुँदा हाल निवेदकको मागबमोजिम

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७१ साल असोज १ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०५८४, निषेधाज्ञा, *मेराजुद्धीन मिस्त्री वि. नेपालगन्ज नगरपालिकाको कार्यालय, नेपालगन्ज, बाँकेसमेत*

भत्काउने भनिएको घर यी पुनरावेदकको हक लाग्ने हो वा विपक्षी सुरेन्द्र कौरको स्वामित्व रहने हो भन्ने विषय प्रस्तुत मुद्दामा निर्णायक हुने पनि होइन । कसैको हक बेहक छुट्याई हेरिनुपर्ने विषय प्रस्तुत मुद्दासँग अन्तरसम्बन्धित नहुने हुँदा निषेधाज्ञा जारी हुनको लागि कसैको निर्विवाद हकको विषयवस्तुमा आघात हुने प्रबल आशङ्का रहेको स्थितिको विद्यमानता हुन जरूरी हुन्छ । प्रस्तुत मुद्दामा विपक्षी सुरेन्द्र कौरले आफ्नो घर भत्काउन अनुमति लिएको र नगरपालिकाबाट पनि जीर्ण भएको निजको घर भत्काउन अनुमति दिएको कुराले यी पुनरावेदकको हकको घर जग्गामा हस्तक्षेप हुने आशङ्का रहेको अवस्था देखिन आउने भन्न नमिल्ने । विपक्षी सुरेन्द्र कौरको नाममा रहेको जग्गामा बनेको जीर्ण घर भत्काउने कार्यले यी पुनरावेदकको हक अधिकारमा आघात हुने प्रबल आशङ्काको विद्यमानता हुने नदेखिएको अवस्थामा पुनरावेदन अदालत, नेपालगन्जबाट निषेधाज्ञाको निवेदन खारेज हुने गरी ठहर भएको मिति २०६९।३।६ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः अनिल कुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-०११३, निषेधाज्ञा/परमादेश, *प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, महोत्तरी वि. लाल बिहारी दास काइस्त*

कसैको पनि जग्गा अकारण रोक्का राख्ने स्वतन्त्र अधिकार पुनरावेदक विपक्षी मालपोत कार्यालयसँग भएको नहुँदा कुनै कानूनबमोजिमको कारणले रोक्का राखिएको हो भने त्यसैबमोजिमको जानकारी रिट निवेदकलाई दिनबाट विपक्षीलाई कुनै कुराले नरोकेको र रोक्का राख्न पर्ने कानूनबमोजिमको कुनै कारण नभएको भए त्यसरी व्यक्तिको जग्गा अकारण रोक्का राख्न नमिली फुकुवा गरिदिनुपर्ने हुन्छ । कानूनबमोजिम चल्नुपर्ने निकायबाट कानूनविपरीत कार्य हुन सक्तैन भन्ने वैध अपेक्षा गरिएको हुन्छ । त्यसैले विपक्षी मालपोत कार्यालयले यो वा त्यो बहानामा आफ्नो कानूनविपरीतको कार्यलाई वैध जस्तो देखाउन खोजेको देखिएको कार्यलाई न्यायोचित एवम् विवेकसम्मत मान्न नसकिने हुँदा पुनरावेदन अदालत, जनकपुरबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

अकारण कुनै पनि जग्गा रोक्का राख्न मिल्ने नहुँदा निवेदकको मागबमोजिम सर्वोच्च अदालतले गरेको आदेशानुसार निवेदकका नाउँको लगत दर्ता स्रेस्ता कायम

राखी निवेदकको जग्गाको दर्ता पुर्जासमेत निवेदकलाई दिनु भनी मालपोत कार्यालय, महोत्तरीका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।११।०४ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षी मालपोत कार्यालयको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

४

**मा.न्या. कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०६९६, निषेधाज्ञा/परमादेश, *रामकृष्ण श्रेष्ठसमेत वि. अधिवक्ता मदनकुमार दाहाल*

खानेपानीको विषय संवेदनशील विषय मानिनुका साथै यो जनताको स्वस्थ भएर बाँच्न पाउने अधिकारसँग सम्बन्धित विषय पनि मानिन्छ । सो विषयमा खेलबाड गर्ने कुरालाई जुनसुकै अवस्थामा पनि स्वीकार गर्ने कुरा आउँदैन । पुनरावेदन अदालत, हेटौंडाले गरेको फैसलाको विश्लेषणबाट विपक्षीहरूका क्रियाकलापबाट शुद्ध खानेपानी वितरण हुन नसकेको भन्ने देखिएको छ । क्रसरलगायतका उद्योगले खानेपानीको मुहानलगायत प्राकृतिकरूपमा बगिरहेको खोलामा फोहर गर्ने, जथाभावीरूपमा उत्खनन गर्ने, रोडा, ढुङ्गा थुपार्नेजस्ता कार्यलाई यथोचितरूपमा सञ्चालन नगरिँदा वातावरणीय प्रदुषणको मात्रा बढ्न जानुका साथै खानेपानीको शुद्धतामा समेत गम्भीर असर पुग्न, जाने कुरालाई नकार्न सकिँदैन । शुद्ध खानेपानी उपभोक्तासम्म पुर्‍याउनु राज्य र सरकारको कर्तव्य नै हुने र शुद्ध खानेपानी उपभोग गर्न पाउने जनताको नैसर्गिक अधिकारभित्रकै कुरासमेत हुँदा शुद्ध खानेपानी आपूर्ति व्यवस्थाको लागि तत्काल प्रभावकारी काम गर्न गराउनको लागि विपक्षी उद्योगहरूको कार्यमा निरन्तर निगरानी राखी अनुगमन गर्न र नदी किनाराका जग्गाबाट पानी प्रदुषित हुन नदिने तर्फको कार्य गर्नु भनी विपक्षी सरकारी निकायहरूका साथै विपक्षी क्रसर उद्योगसमेत र विपक्षी हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका नाउँमा पानी प्रदुषित हुने कामकारवाही नगर्नु नगराउनु भनी परमादेश जारी गरेको पुनरावेदन अदालत, हेटौंडाको आदेश अन्यथा नदेखिँदा परिवर्तन गर्नु नपर्ने ।

निवेदन मागबमोजिम हेटौंडा नगरपालिकाभित्र वितरण हुने खानेपानी प्रदुषित भई उपभोक्तालाई शुद्ध खानेपानी उपलब्ध गराउनुपर्ने प्रमुख दायित्व विपक्षीहरूको रहेको देखिँदा शुद्ध खानेपानी आपूर्ति व्यवस्थाको लागि तत्काल प्रभावकारी काम गर्न गराउन र नदी किनाराका जग्गाबाट पानी प्रदुषित हुन नदिन, पानीको प्रदुषण गर्ने कार्य बन्द गर्ने व्यवस्था मिलाउन, प्राकृतिक स्रोत साधनमाथि भइरहेको गैरकानूनी अतिक्रमण रोक्न, शुद्ध खानेपानीको आपूर्ति व्यवस्था मिलाउन आवश्यक पहल गर्न, निरन्तर अनुगमन गरी स्वीकृत मापदण्डअनुसार उद्योग सञ्चालन गर्न लगाउन र पानी वितरणको लागि निर्माण भएका पम्पहाउस भन्दा १ कि.मि. क्षेत्रभित्र खोलामा पानी प्रदुषित हुने गरी उत्खनन् कार्य नगर्नु र पानीको मुहान क्षेत्रमा पानी प्रदुषित हुने कुनै पनि कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञायुक्त परमादेशको

आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।५।६ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०५९५, ०५९६, निषेधाज्ञा/परमादेश, *जितन मण्डलसमेत वि. फागु यादव, राजेश्वर यादवसमेत वि. फागु यादव*

विवादको जग्गामध्येको केही जग्गामा रिट निवेदकको सनातनदेखि घरबास रही भोगचलन रहेको भन्ने कुरामा विपक्षीहरूले समेत लिखित जवाफमा स्वीकारै गरेको देखिन्छ । विवादित जग्गाको विषयलाई लिएर विवाद हुँदा विपक्षीहरूले कुटपीट गरेको भनी विपक्षीका उपर सार्वजनिक अपराध मुद्दासमेत दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको भनी निवेदकले निवेदनमा जिकिर लिएको देखिन्छ भने शान्ति सुरक्षा गरी बासस्थानको व्यवस्था गरिपाउँ भनी विपक्षी राजेश्वर यादवसमेतउपर रिट निवेदकले दिएको निवेदनउपर दुबै पक्षलाई बोलाई सम्झाउँदा समझदारी कायम हुन नसकेको भन्ने जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ रहेकोसमेतबाट निवेदकको बसोवास रहेको घर जग्गामा विपक्षीहरूबाट हस्तक्षेप हुन लागेको रहेछ भन्ने कुराको आशङ्का स्पष्टरूपमै देखिएबाट रिट निवेदकको निवेदन दावी निरर्थक रहेछ भन्न नमिल्ने । पुनरावेदक विपक्षीहरूबाट प्रत्यर्थी रिट निवेदकको भोगाधिकार रहेको घरजग्गामा अतिक्रमण गर्ने सम्भावना देखिएको अवस्थामा निषेधाज्ञा जारी गरी सम्भावित हानि नोक्सानीलाई रोक्न पर्ने नै हुन्छ । विवादित जग्गा रिट निवेदकको नाउँमा दर्ता रहेको नभए पनि साविकदेखि घर निर्माण गरी घरधुरी करसमेत तिर्दै आइरहेको र त्यस्तो जग्गामा प्रत्यर्थी रिट निवेदकको समेत भोग रहेको कुरालाई विपक्षीबाट लिखित जवाफमा स्वीकारै गरेको समेतको आधारमा निषेधाज्ञा जारी भएको देखिन्छ । निषेधाज्ञाबाट हक बेहक हुने र दर्ताको काम हुने नभए पनि घरको अस्तित्व देखिइरहेको स्थितिमा सोमा हस्तक्षेप नगर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट सिमितरूपमा जारी भएको निषेधाज्ञाको आदेशमा त्रुटि रहेको मान्न नमिल्ने । कानूनबमोजिम बाहेक निवेदकले घरजम गरी बसोवास गरी आएको घर नभत्काउनु नतोड्नु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेशसम्म जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।१२।२६।१ मा निषेधाज्ञाको आदेशसम्म जारी गर्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०८३४, निषेधाज्ञा, *बिना थापा वि. सीता थापामगरसमेत*

जिल्ला अदालतमा अंश चलनलगायतका मुद्दा दायर भएको अवस्थामा विपक्षी बिना थापाले जिल्ला प्रशासन

कार्यालयमा घर खाली गराउने विषयमा निवेदन दिई सो विषयमा प्रहरी कार्यालयमा पत्राचार गरी छलफल गर्ने निहुँमा पक्राउ गर्ने, थुन्ने जबर्जस्ती रकम असुल गर्ने विषयमा प्रहरीले खोज तलास गरिरहेकाले जुससुकै बेला त्यस्तो गैरकानूनी कार्य हुने आशङ्का रहेको भन्ने प्रत्यर्थी रिट निवेदकको माग दावीको सम्बन्धमा त्यस्तो कार्य गरिएको छैन भनी भरपर्दोरूपमा विपक्षीहरूले भन्न सकेको देखिँदैन । देवानी प्रकृतिको विषयलाई लिएर शान्ति सुरक्षाको जिम्मेवारी भएको जिल्ला प्रशासन कार्यालय एवम् प्रहरी कार्यालयहरूले देवानी मुद्दा चलिरहेको विषयमा निवेदन लिने र कारवाही गर्न पाउँछ भन्न मिल्दैन । घर खाली गराई पाउनको लागि प्रत्यर्थी रिट निवेदकलाई उपस्थित गराउन प्रहरी कार्यालयहरूमा पत्राचार गरिएको कार्य र प्रत्यर्थी निवेदकहरूमध्येकी सिता थापामगरलाई प्रहरीले खोज तलास गरी रहेको देखिनुले प्रत्यर्थी रिट निवेदकहरूलाई नागरिक अधिकार ऐनद्वारा प्रदत्त हकाधिकारमा हस्तक्षेप हुने आशङ्काजन्य स्थिति रहेको भन्ने कुरालाई देखाउने ।

प्रशासनिक एवम् शान्तिसुरक्षाको कार्य गर्न अधिकार पाएका निकायहरूले न्यायिक निकायसमक्ष देवानी विषयमा मुद्दा परी विचाराधिन रहेको अवस्थामा सो विषयका सम्बन्धमा छुट्टै निवेदन लिई प्रत्यर्थी रिट निवेदकहरूलाई कार्यालयमा उपस्थित गराउन खोज तलास गर्दै हिंड्ने कार्यबाट निर्दोष नागरिकहरूलाई अनावश्यक र असम्बन्धित विषयका सम्बन्धमा मानसिक त्रासमा बस्नुपर्ने हुन जान्छ । साथै उक्त विषयमा प्रहरी कार्यालयहरूबाट कुनै पनि बेला रिट निवेदकहरू पक्राउ पर्नसक्ने सम्भावनालाई समेत विपक्षीको क्रियाकलाप हेर्दा नकार्न सकिने अवस्था देखिँदैन । यसरी क्षेत्राधिकारभन्दा बाहिर गई विपक्षीहरूले कार्य गरेको स्थितिमा विपक्षीहरूका नाउँमा निषेधाज्ञा जारी गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

कानूनबमोजिम हुनेमा बाहेक घरबाट उठाई घर खाली गराई दिने जस्तो देवानी दायित्वको विषयलाई लिएर निवेदकहरूलाई पक्राउ गर्ने, पक्राउ गर्न पठाउने, थुनामा राख्ने जस्ता कार्य नगर्नु नगराउनु भनी विषक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।२०।४ को निर्णय आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१३८३, लेनदेन, *रामकेब रायसमेत वि. रामपतिप्रसाद साह*

पुनरावेदक प्रतिवादीले लिखत भएको स्वीकार गरेको, लिखतमा ऋण रकम रू. तीनलाख घर खर्च र व्यापार गर्नवापत भनी खुलाएको एवम् सो लिखत करकापबाट भएको वा स्वेच्छाले लिखत गरिदिएको होइन भन्ने जिकिर लिएको समेत नदेखिएको अवस्थामा राजीखुसीले आफ्नो विरूद्धको लिखतमा

सहीछाप गरिदिएको होला भनी अनुमान गर्न नमिल्ने । लिखतमा सहीछाप गरी सकेपछि सो सहीछाप स्वतन्त्र इच्छाले गरेको होइन भन्ने दावी लिई सो पुष्टि नगरेसम्म सो सहीछाप गरेबाट सिर्जना हुने दायित्व प्रति कारणीकै जिम्मेवारी हुन आउँछ । लेखक साक्षीले पनि लिखत गरेको हो भनी बकपत्र गरिदिएको र कारणीले पनि मन्जुर गरी लिखत गरिदिएको देखिएको अवस्थामा लेनदेन गरेको साक्षीले नदेखेको भन्ने जति कुराले तात्त्विक महत्त्व राख्दैन । अतः वादी दावीबमोजिम साँवा व्याज तिर्नु नपर्ने भन्ने सर्लाही जिल्ला अदालतको मिति २०६५।१।१८ को फैसला नमिली उल्टी भई वादी दावीबमोजिम साँवा व्याज पुनरावेदक वादीले भरिपाउने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल कात्तिक ३ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०७५६, लेनदेन, *बलबहादुर थापा वि. दिवस न्यौपानेसमेत*

प्रतिवादीले रेखा तथा लेखा विशेषज्ञको रायको अनुशरण नगरी पुनरावेदन अदालतले फैसला गरेकोमा चित्त नबुझी पुनरावेदन गरेको देखिन्छ । तसर्थ यस सम्बन्धमा रेखा तथा लेखा विशेषज्ञको राय के कस्तो रहेछ भनी अध्ययन गर्नुपर्ने देखिन आयो । यस अदालतको च.नं. ९५४०, मिति २०६७।८।१९ को पत्रमा उल्लेख भएको विशेषज्ञको रायमा " विवादित हस्ताक्षर सहीको समकालीन समयतिर भएका नमुना सहीको अभावमा अदालतबाट लिएको नमुना सहीमा बनावटी नमुना दिएको देखिँदा यस्तो नमुना सहीसँग विवादित सही भिडाई एकिन गर्न सकिँदैन ।" भनी उल्लेख भएको पाइयो । समकालीन दस्तखतको अभाव भएको हुँदा विशेषज्ञबाट दिइएको यस रायअनुसार सत्यप्रसादले प्रतिवादीको डायरीमा सही गरे नगरेको खुल्न आएको नदेखिने ।

प्रतिवादीको डायरीमा भएको सहीको प्रकृति हेर्दा दुबै सही एक अर्कोसँग भिन्न देखिएको छ । अदालतमा अ.बं. ७८ नं. र १३९ नं. बमोजिम लिइएको बयानमा भएको सत्यप्रसादको सहीछाप र डायरीमा भएको सहीछापमा समेत एकरूपता रहेको छैन । मेरो नाम सत्यप्रसाद न्यौपाने हो जबकि उक्त डायरीमा सत्तेप्रसाद नेउपाने लेखिएको छ, सत्यप्रसाद लेखिएको पनि मेरो सही होइन, किर्ते गरिएको हो भन्ने निजको बयान व्यहोरा देखिन्छ । यसरी डायरीमा भएको सहीछाप आफूले नगरेको भनी वादीका पिताले बयान गरेको र त्यसमा भएको सहीछाप बादीका पिताको सहीसँग मिल्न भिड्न आएको भन्ने पुष्टि नभएको अवस्थामा डायरीमा सत्यप्रसादको नाम उल्लेख हुँदैमा निजले नै प्रतिवादीबाट रकम बुझेको भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुने अवस्था नहुने ।

तमसुकमा ब्याज लिने भन्ने व्यहोरा उल्लेख नभएको तर डायरीमा ब्याजबापतको रकम दिएको भनी उल्लेख भएकाले उक्त रकम तमसुकमै उल्लेख भएको ऋणबापत बुझाएको भन्ने पनि देखिन आएन । अर्कोतर्फ प्रतिवादी सत्यप्रसादले रकम बुझेकै भए तापनि वादी दावीको रकममध्ये वा अन्य कुनै लेनदेनको

विषय हो भन्ने पनि खुल्न नआउने ।

एकातिर वादीका पिता सत्यप्रसादले प्रतिवादीबाट तमसुकमा उल्लेख भएको ऋणबापत रकम बुझेको भन्ने पुष्टि हुन आएको देखिँदैन भने अर्कोतिर डायरीमा भएको व्यहोरा हेर्दा लेनदेन व्यवहारको महलको ५ नं. बमोजिम रीत पुर्‍याई भरपाई भएको पनि देखिँदैन । लेनदेन व्यवहारको ५ नं. ले साँवामध्ये केही मात्र बुझाउँदा वा ब्याज बुझाउँदा तमसुकको पीठमा सो व्यहोरा खोली आसामीको सहीछाप गराउनुपर्दछ । तमसुक लिखत फेला नपरेको अवस्थामा सोही व्यहोरा जनाई भरपाई गराउन सकिने कुराको उल्लेख गरेको पाइन्छ । यस्तो कानूनी औपचारिकता प्रस्तुत मुद्दामा पेस भएको डायरीमा भएको व्यहोरामा देखिएन । कानूनले तोकेको प्रक्रिया नपुर्‍याएको अवस्थामा अन्य प्रक्रियाबाट भए गरेको व्यवहारले कानूनी मान्यता पाउन नसक्ने ।

उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादीले वादीको आमासँग लिएको तमसुकबमोजिमको रकम वादी पक्षलाई बुझाएको भन्ने पुष्टि हुन नआएको अवस्थामा वादी दावीबमोजिम प्रतिवादीबाट वादीले सावाँ रू १,२०,०००।– एक लाख बीस हजार भरिपाउने ठहर गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः अनिल कुमार शर्मा

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *देवेन्द्रप्रसाद ध्वजुको हकमा निजको छोरा अनुभव ध्वजु वि. केन्द्रीय अनुसन्धान ब्युरो, नेपाल प्रहरी महाराजगन्ज, काठमाडौंसमेत*

व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् हुन्छ भन्दैमा कसुर गरेको भनी शङ्काको घेरामा रहेका व्यक्तिलाई पक्राउ नै गर्न पाइँदैन भनी अर्थ गरिनु हुँदैन किनकि वैयक्तिक स्वतन्त्रताको हक निरपेक्ष हक होइन । त्यसैले वैयक्तिक स्वतन्त्रताको नाममा अपराध गर्ने छुट कसैलाई नहुने ।

रिट निवेदकले विभिन्न व्यक्तिहरूलाई अनियमितरूपमा कर्जा प्रवाह गरी बैङ्किङ कसुर गरेको भनी निजउपर लागेको फौजदारी कसुरको सम्बन्धमा अनुसन्धानको लागि निजलाई पक्राउ गरेको देखिएकाले देवानी दायित्व सिर्जना भैसकेको विषयमा पुन: फौजदारी कसुरजन्य बैङ्किङ कसुरमा मुद्दा चलाउन लागिएको भन्न मिल्ने नहुने ।

निवेदकलाई बैङ्किङ कसुरसम्बन्धी फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा पक्राउ गरी रीतपूर्वकको थुनुवा पुर्जी दिई मुद्दा हेर्ने साधिकार निकाय पुनरावेदन अदालत, पाटनको वाणिज्य इजलासबाट म्याद थपको अनुमतिसमेत प्राप्त गरेको देखिएको र यसरी कानूनबमोजिम भए गरेको

कामकारवाहीबाट निवेदकको स्वतन्त्रतापूर्वक हिँड्डुल गर्न पाउने हकाधिकारको हनन् हुन गएको भन्न मिल्ने नदेखिने।

ऋणसम्बन्धी देवानी दायित्वको विषयमा नभै बैङ्किङ कसुरसम्बन्धी फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा रिट निवेदकलाई पक्राउ गरी कानूनले निर्दिष्ट गरेको प्रक्रियाअनुरूप मुद्दा हेर्ने आधिकारिक निकायबाट म्याद थपसमेत लिई थुनामा राखिएको देखिएको र अनुसन्धानबाट देखिन आउने परिणामका आधारमा मुद्दा चलाउने वा नचलाउने अवस्था बाँकी नै रहेको अवस्थामा कानूनबमोजिम अनुसन्धानको प्रक्रियामा नै प्रभाव पर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल पुस ७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०९२४, उत्प्रेषण/परमादेश, *पुनम शर्मासमेत वि. भूमिसुधार कार्यालय, बाँके, नेपालगन्जसमेत*

निवेदकहरूका नाममा दर्ता भई जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त भएको उक्त विवादित कि.नं. ८७८ को जग्गाको सम्बन्धमा निर्णय गर्दा जग्गादाता र जग्गा राजीनामा गराई लिने यी रिट निवेदिकाहरूलाई बुझ्दै नबुझी आफ्ना कुरा राख्ने र प्रतिवाद गर्ने मौका नै नदिई निजहरूको नाममा दर्ता रहेको जग्गाको सम्बन्धमा प्रतिकूल असर पर्ने गरी भूमिसुधार कार्यालय, बाँकेले आफैँले गरेको मिति २०७०।२।१२ को निर्णय बदर गरेको मिति २०७१।२।१४ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी भएको कुरा देखिन आउने।

विवादित कि.नं. ८७८ को जग्गाको दर्ता बदर गर्ने गरेको भूमिसुधार कार्यालय, बाँकेले निर्णय गर्दा उक्त निर्णयबाट असर पर्ने पक्षहरूलाई कानूनबमोजिम प्रतिवाद गर्न पाउने अवसरबाट वञ्चित गरी सुनुवाइको उचित मौका नै प्रदान नगरी गरेको देखिँदा भूमिसुधार कार्यालय, बाँकेको मिति २०७१।२।१४ को निर्णयबाट यी रिट निवेदिकाहरूको हक अधिकारमा असर पर्न गएको देखिनुका साथै प्राकृतिक न्यायको सिद्धान्तको समेत वर्खिलाप गरी निर्णय भएको देखिँदा भूमिसुधार कार्यालय, बाँकेको मिति २०७१।२।१४ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

भूमिसुधार कार्यालयसमक्ष विचाराधीन रहेको सम्बन्धित उजुरीका सम्बन्धमा कानूनबमोजिमको प्रक्रिया पुर्‍याई पुन: निर्णय गर्नु भनी भूमिसुधार कार्यालय, बाँकेका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल पुस २५ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-१००४, बाली बिगो, *जनपुरा देवी शाही हमालसमेत वि. भागरथी देवी विष्टसमेत*

दावीबमोजिमको जग्गाहरू खिचोला

भएको ठहरिएको अवस्थामा प्रत्यर्थी वादीले दावीबमोजिम सो जग्गाको बाली बिगो भराई पाउने कुरामा समेत विवाद देखिएन। खिचोला मुद्दालाई नै आधार लिई बाली बिगो भराउने निष्कर्षमा पुगेको र खिचोलातर्फ १५ जना प्रतिवादी कायम भएको प्रस्तुत बाली बिगो मुद्दामा १० जनालाई मात्र प्रतिवादी बनाएकै आधारमा ती १० जनाबाट मात्र दावीबमोजिमको सम्पूर्ण बिगो भराउनु न्यायोचित नहुने हुँदा १० जनाबाट दामासाहीले हुन आउने हिस्सासम्म मात्र दावीबमोजिम बिगो भराउनुपर्ने अवस्था देखिने।

वादी दावीबमोजिम प्रतिवादीहरू १० जनाबाट बाली बिगो भराई पाउने गरी भएको सुरू फैसला केही उल्टी गरी यी पुनरावेदक प्रतिवादीहरूबाट जम्मा बिगो रू. ४,४९,७३९।५० मध्ये रू.२,९९,८२६।– मात्र प्रतिवादीहरूबाट भराई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।५।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CR-०५९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हरिशचन्द्र बोहोरा*

मृतकलाई सँगसाथ लिई हिँडेको कारणबाट दुर्घटना हुन गई मृत्यु भएको र पत्नी र सन्तानको बिजोग भएको हुँदा हाम्रो ग्रामीण परिवेशमा सामाजिक पञ्चायतबाट यस्ता किसिमको दबाब र निर्णय गरी सहयोग गर भन्ने परम्परा चलन हुँदा शिक्षण पेसामा लागेका व्यक्तिले आफ्नो सानो त्रुटिबाट मृत्यु हुन गई मृतकको परिवार असहाय भएकाले सहयोगस्वरूप मृतकका परिवारलाई तीन लाख रूपैयाँ दिन्छु र हाल एक लाख पचास हजार रूपैयाँ लिनुस् भनी दिएको आधारमा मात्र कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा शङ्काको भरमा दण्डित गर्नु फौजदारी न्यायको सिद्धान्तसमेत विपरीत हुनजाने।

प्रतिवादीले मृतकलाई रक्सी सेवन गरेको अवस्थामा एक्लै छाडेर आउनुको कारणबाट मात्र निजलाई दण्डित गर्नु न्यायोचित हुँदैन। यी प्रतिवादी सँगै रहेका छोराले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट प्रतिवादी र मृतकबीच बाटोमा हिँड्दा कुनै वादविवाद वा मार्नुपर्नेसम्मको कुनै कारण परेको एवम् पूर्व रिसइबिसमेत नभएको अवस्थामा निजले भीरबाट धकेली मृतकलाई मारेको पुष्टि हुन नआउने।

दुर्गम पहाडी गाउँको भीरको बाटोमा बढी रक्सी सेवन गरी हिँडेका मृतक भीरबाट लडी मृत्यु भएको घटनास्थल प्रकृति मुचुल्का, लास प्रकृति मुचुल्कालगायतका प्रमाणबाट पुष्टि भइरहेको देखिने हुँदा प्रतिवादी हरिशचन्द्र बोहोराले मृतक चन्द्ररूप धरालालाई मारेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नआएकाले प्रतिवादीउपरको वादी नेपाल सरकारको अभियोग माग दावी पुग्न नसक्ने भनी प्रतिवादी हरिशचन्द्र बोहोराले अभियोग माग दावीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६६।५।१६ गते भएको

फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: गङ्गा के.सी.
इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-१२७२, उत्प्रेषण/प्रतिषेध, *रमेशप्रसाद दवाडी वि. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ दरबारमार्ग स्थित लालदरबारमा कार्यालय रहेको मेचीकाली इन्टरनेसनल प्रालिसमेत*

मेचीकाली इन्टरनेसनल प्रा.लि. नामको कम्पनीले विभिन्न औषधि उत्पादन गरी हुकुम फर्मास्युटिकल्स प्रा.लि.का प्रबन्ध सञ्चालक विजय दुगडसँग सम्झौता गरी नेपालभरका औषधि पसलहरूलाई औषधि वितरण गर्ने कार्य गर्दै आइरहेको र सोबापत मेचीकाली इन्टरनेसनल प्रा.लि.ले हुकुम फर्मास्युटिकल्स प्रा.लि. बाट भुक्तानी लिनुपर्ने रकममध्ये निवेदकले रू.२०,००,०००।– को चेक दिएको र सो चेक बैङ्कमा साट्न जाँदा चेक रोक्का गर्नु भनेकाले सो चेक भुक्तानी हुन नसकेको हुँदा हुकुम फर्मास्युटिकल्स प्रा.लि. का प्रबन्ध सञ्चालक विजय दुगडले मेचीकाली इन्टरनेसनल प्रा.लि. का अध्यक्ष विपक्षी नेत्रलाल गिरीले जाहेरी दिएको र सो जाहेरी दरखास्तको आधारमा काठमाडौं जिल्ला अदालतमा निज विजयकुमार दुगडउपर मुलुकी ऐन, ठगीको महलअन्तर्गत काठमाडौं जिल्ला अदालतमा मिति २०७०।२।१ गते ठगी मुद्दाको अभियोगपत्र दायर भएको र सो अदालतबाट थुनछेकको आदेशसमेत भएको तथ्य मिसिलबाट देखिने र प्रस्तुत रिट निवेदनको विषय सम्बन्धमा अदालतमा मुद्दा परी अदालतबाट फैसलासमेत भैसकेको देखिँदा निवेदनको औचित्य समाप्त भइसकेकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृत: रमेश रिजाल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७१ साल कात्तिक २० गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोपाल पराजुली,** ०६९-WO-०१३२, उत्प्रेषण, *काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १२ स्थित हिल्वर्ट इन्टरनेसनल कलेज प्रा.लि. को अख्तियारप्राप्त अध्यक्ष प्रा.डा. प्रेमनारायण अर्याल वि. शर्मिला आचार्यसमेत*

रिट निवेदकले यी विपक्षीहरूलाई पारिश्रमिक दिनु नपर्ने कारणमा कम्पनी घाटामा गएको र विपक्षी शर्मिला आचार्य र सुवासचन्द्र घिमिरे संस्थापक शेयर धनी भएको सम्मको आधार लिएको देखिन्छ । सो बाहेक कुनै खास कारण रिट निवेदनमा उल्लेख गरेको देखिँदैन । विपक्षी शर्मिला आचार्य र सुवासचन्द्र घिमिरे पारिश्रमिक प्राप्त गर्नेगरी प्राध्यापन गर्दै आएको तथ्यमा विवाद रहेको देखिन आएन । यसरी विपक्षी बनाइएका शर्मिला आचार्य र सुवासचन्द्र घिमिरे संस्थापक शेयरवाला हुनुका साथसाथै सो कलेजमा काम गर्दै आएको पनि देखिन्छ । सबै संस्थापक शेयरवालाको कर्तव्य, दायित्व

र अधिकार तथा काम गर्दा कर्मचारीले वहन गर्नुपर्ने कर्तव्य, दायित्व र अधिकार फरक फरक हुन्छन् । निवेदकले त्यस कलेजमा शिक्षण पेसा गर्दै आइरहेकोमा सो निःशुल्क काम गर्नुपर्ने भनी कतै उल्लेख गरेको देखिँदैन । सशुल्क शिक्षामा सेवा गरी आएको देखिइरहेको अवस्थामा संस्थापक शेयरधनी हो भन्दैमा गरिएको परिश्रमको पारिश्रमिकबाट श्रमिकलाई वञ्चित गर्नु न्यायोचित नहुने ।

निवेदकले विपक्षी शर्मिला आचार्य र सुवासचन्द्र घिमिरेलाई निजहरूले कलेजमा गरेको श्रमबापतको पारिश्रमिक भुक्तानी दिइएको छ भन्न नसकेको अतिरिक्त निवेदकले पारिश्रमिक भुक्तानी गर्नुपर्ने कुरा आ.व. २०६६।०६७ र २०६७।०६८ को Audit Report मा उल्लेख भइरहेको अवस्थामा कम्पनी घाटामा गएको भनी दायित्वबाट पन्छिई भुक्तानी दिन ढिलाई वा इन्कार गर्नु न्यायोचित नहुने ।

आफूले काम गरेको पारिश्रमिकको लागि कोही पनि श्रमदाता/श्रमिकले लामो समय पर्खिनुपर्ने कुरालाई न्यायको रोहमा जायज मान्न मिल्दैन । निवेदक एउटा शैक्षिक प्रतिष्ठान रहेको र त्यस्तो शैक्षिक प्रतिष्ठानले आफ्नो प्रतिष्ठा कायम राख्नको लागि पनि आफ्नो प्रतिष्ठानमा खर्च भएको श्रमको मूल्य तिर्न आफैँ उद्यत रहनुपर्नेमा निवेदकले त्यसतर्फ ध्यान दिएको नदेखिने ।

यी विपक्षीहरूले आफ्नो पारिश्रमिकको लागि सुरूमा कलेजको सञ्चालक समितिसमक्ष र त्यहाँबाट नभएपछि श्रम कार्यालयमा निवेदन गरेको देखिन्छ । श्रम कार्यालयले पारिश्रमिक पाउने निर्णय गरेकोमा यी निवदेकले श्रम अदालतमा पुनरावेदन गर्दा सुरू सदर र ढिलाई भएकोमा क्षतिपूर्तिसमेत भराउने गरी भएको फैसलाउपर असाधारण अधिकार क्षेत्रको माध्यमबाट प्रस्तुत रिट निवेदन दायर हुन आएको देखियो । निवेदकले रिट निवेदनमा विपक्षीहरू यी शर्मिला आचार्य र सुवासचन्द्र घिमिरेले प्राध्यापन गरेको कुरा स्वीकार गरेकै देखिन्छ । यस्तो अवस्थामा निवेदकले प्राध्यापनमा संलग्न यी विपक्षीहरूको पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा विवाद नदेखिने ।

विपक्षीहरूमध्येका शर्मिला आचार्यले २०६५।०६६ देखि २०६८ सालसम्मको तलब, बिदाको रकम, दशैं खर्च र भत्तासमेत जम्मा रू. ७,७९,२००।- र सुवासचन्द्र घिमिरेले २०६५ सालदेखि हालसम्मको तलब, भत्ता र परीक्षा भत्तासमेत रू. २,८२,०६७।- हिल्वर्ट इन्टरनेसनल कलेजबाट भुक्तानी पाउने गरी श्रम कार्यालय, काठमाडौंले मिति २०६८।१०।१८ मा गरेको निर्णय सदर गरी शैक्षिक संस्थाजस्तो पवित्र निकायले विगत ३ वर्षभन्दा बढी समयदेखि कामदारहरूलाई पारिश्रमिक नदिई झुलाई राखेको देखिँदा १ महिनाभित्र भुक्तानी नगरी अन्यथा भएमा श्रम ऐन, २०४८ को दफा २५(३) बमोजिम उजुरी गरेको मितिले गणना गरी वार्षिक २० प्रतिशत का दरले उपल्लो हद ननाघेसम्म क्षतिपूर्तिसमेत निवेदक प्रतिष्ठानबाट भराउने ठहर्‍याएको श्रम अदालत, काठमाडौंको मिति २०६९।२।११ को फैसला मिलेकै देखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल पुस १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RC-००११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राज भन्ने तुल्सी वि.क.समेत*

प्रतिवादीहरूले एकआपसमा सरसल्लाह गरी योजना बनाई पूर्वयोजनाबमोजिम मृतकहरूको घरमा गई मनसायपूर्वक हत्या गरी निज मृतकहरूको साथमा रहेको रू. २०,७८४।– बराबरको सुनका गहनाहरू चोरी गरी लगेको तथ्य घटनास्थल तथा लास प्रकृति मुचुल्का, प्रतिवादीहरूको साबिती बयान, घटना विवरण कागजका व्यक्तिहरूको भनाई, वारदातमा प्रयोग भएको हतियार बरामद भएको अवस्था आदिको तथ्य प्रमाणहरूबाट भविलाल वि.क. र सेती वि.क. को मृत्यु २०६९।०१।२४ गते भएको र उक्त वारदातमा यी प्रतिवादीहरू टीकाराम सुनार र राज भन्ने तुल्सी वि.क.को संलग्नता रहेको तथ्य स्थापित भएको देखिने।

मिसिल संलग्न किटानी जाहेरी, घटनास्थल लास जाँच मुचुल्का, मौकामा तथा अदालतमा प्रतिवादीहरूले गरेको साबिती बयान, वस्तुस्थिति तथा घटनाविवरण कागजका व्यक्तिहरूको अदालतमा भएको बकपत्रबाट समेत प्रतिवादीद्वय टीकाराम सुनार र राज भन्ने तुल्सी वि.क.ले मृतकहरू भविलाल वि.क. तथा सेती वि.क.लाई कर्तव्य गरी मारेको पुष्टि भएकाले निज प्रतिवादीद्वय टीकाराम सुनार र राज भन्ने तुल्सी वि.क. लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र मृतकहरूको साथमा रहेको २०,७८४।– बराबरको धनमाल चोरी गरी लगेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १४(२) बमोजिम थप डेढ महिना कैद र रू. ३१,१७६।– रूपैयाँ जरिवाना ठहर्ने गरी भएको सुरू गुल्मी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।५।३० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल पुस २५ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या. श्री दीपकराज जोशी,** ०६७-CR-११५१, जबर्जस्ती करणी, *पदम सापकोटा समेत वि. नेपाल सरकार*

छोरीलाई प्रतिवादीहरूले जबर्जस्ती करणी गरे भनी बाबुको जाहेरी पर्नु र सोही कुरा अदालतमा आई जाहेरवालाले बकपत्र गरी पुष्टि गर्नु तथा पीडिता स्वयम्ले जाहेरीको व्यहोरा समर्थन गर्दै मौकाको कागजलाई पुष्टि हुने गरी अदालतमा आई बकपत्र गर्नुबाट वारदातमा यी प्रतिवादीहरूसमेतको संलग्नता रहेको पुष्टि भएको देखियो । बुझिएका उमा वि.क., गंगाबहादुर गुरूङ र कुवेर क्षेत्रीको मौकाको कागजबाट पीडिता बेहोस भै खेतमा उत्तानो अवस्थामा पेटीकोटमाथि उल्टिएको र रगताम्य भएको अवस्थामा देखी निजहरूले पीडितालाई घरमा ल्याएको भन्ने व्यहोराबाट पीडिताको भनाई समर्थित भएको छ । जिल्ला स्वास्थ्य कार्यालय, नवलपरासीको मिति २०६२।४।२३ को प्रतिवेदनमा पीडिता २५ वर्षजति भएकी

र निजको पेटमा २२ देखि २४ हप्ताको गर्भ रहेको तथा पीडिताको शरीरका विभिन्न भागमा घाउखत तथा नीलडाम रहेको उल्लेख भएबाट यस्तो स्थितिमा यी प्रतिवादीहरूबाट पीडिताउपर जबर्जस्ती करणीको वारदात गरेको स्थापित हुन आयो । साथै तत्काल पक्राउ परेका प्रतिवादी जसबहादुर रोक्का क्षेत्रीले अनुसन्धानको क्रममा गरेको कागज र पीडिताको घटना विवरण कागजसमेत मेल खाएबाट वारदातमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि भएको देखिने । प्रतिवादीहरूसमेतले गर्भवती पीडिताउपर सामूहिक जबर्जस्ती करणी गरेको पुष्टि हुन आएकाले जबर्जस्ती करणीको १ नं. विपरीत कसुरमा ऐ ३ नं. बमोजिम ५ वर्ष कैद, ऐ ३क बमोजिम थप ५ वर्ष कैदसमेत गरी जनही १० वर्ष कैद हुने र पीडितालाई अंश भराइदिने ठहराएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६६।३।८ को फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०७०४, जबर्जस्ती करणी, *टेकबहादुर वि.क. वि. नेपाल सरकार*

मिति २०६६।११।९ गते छोरा यामबहादुर थापा र छोरी कौशिला थापा (परिवर्तित नाम) ले अनुसन्धान अधिकारीसमक्ष पुनरावेदक प्रतिवादीले गाई गोरू वनमा छोड्न भनी जाँदा तत्काल नाम थाहा नभएको र पछि मेरो सामु उभ्याई देखाइएको केटाले मलाई जबर्जस्ती समाई भिरालो जङ्गलमा लगी लडाई मेरो मुख थुनी पाखुरा समाई ममाथि चढी निजले आफ्नो लिङ्ग मेरो योनीभित्र पसाउँन खोज्दै थियो । म बेहोस भएछु के के गर्‍यो थाहा भएन । पछि होसमा आउँदा मेरो योनीबाट रगत बगिरहेको, योनी दुखी रहेको थियो भनी संरक्षक बाबु टेकबहादुर थापाको रोहबरमा कागज गरेको पाइयो । पुनरावेदक प्रतिवादी टेकबहादुर वि.क.ले पीडितलाई जबर्जस्ती करणी गरेकोमा साबित भई मौकामा गरेको बयानलाई अदालतमा समेत कसुरमा साबित भई बयान गरेको पाइयो । पीडितको स्वास्थ्य जाँच प्रतिवेदन, घटना विवरण कागज गर्ने यामबहादुर थापा, दलबहादुर के.सी., हिम्मतकुमार बि.सी., पीडित कौशिला थापा (परिवर्तित नाम), जाहेरवाला टेकबहादुर थापाले गरिदिएको बकपत्रबाट समेत प्रतिवादी टेक ब. वि.क.ले पीडितलाई जबर्जस्ती करणी गरेको पुष्टि हुन आयो ।

पुनरावेदक प्रतिवादी टेकबहादुर थापाले पीडित कौशिला थापा (परिवर्तित नाम) लाई जबर्जस्ती करणी गरेको भनी मौकामा गरेको बयानलाई अदालतमा समेत स्वीकार गरेको पाइन्छ भने उक्त कसुरलाई आफैँले पुनरावेदन अदालत, सुर्खेतमा दायर गरेको पुनरावेदनपत्रमा समेत स्वीकार गरेको पाइन्छ । यस्तो स्थितिमा प्रहरीले डर त्रास देखाई कसुरमा साबिती गराएका हुन् भन्ने पुनरावेदकको पुनरावेदन जिकिर विश्वसनीय देखिन नआउने ।

पुनरावेदक प्रतिवादी टेकबहादुर वि.क.ले

पीडित कौशिला थापा (परिवर्तित नाम) लाई जबर्जस्ती करणी गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १२ (बाह्र) वर्ष कैद र पीडित कौशिला थापा (परिवर्तित नाम) लाई क्षतिपूर्तीस्वरूप रू.३०,०००। (तीस हजार) दिलाई दिने ठहर्‍याएको सुरू दैलेख जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र**, ०६९-WO-०१२०, उत्प्रेषण, *दिलबहादुर शाहसमेत वि. मालपोत कार्यालय, मुगुसमेत*

व्यक्ति विशेषको जग्गा कुनै कारणले सर्भे नाप जाँच हुँदा त्यस्तो व्यक्तिले आफ्नो नाउँमा दर्ता गराउन सकेको रहेनछ र कानूनबमोजिम छुट दर्ता गरी पाउन निवेदन दिएको रहेछ भने त्यस्तो जग्गा सम्बन्धमा सोको सबुत् प्रमाण बुझी निजको हकभोगको देखिन आए कानूनबमोजिम दर्ता गरिदिनु पर्ने दायित्व मालपोत कार्यालयको हुने साथै "कुनै जग्गा श्री ५ को सरकारको नाउँमा दर्ता भइसकेको कारणबाट व्यक्तिविशेषको नाउँमा दर्ता सच्याउने नीति नभएको भनी कानूनबमोजिम गर्नुपर्ने दायित्व पूरा नगर्ने गरी गरेको कामकारवाही र मालपोत विभागको निर्णय कानूनप्रतिकूल हुँदा बदर हुने" भनी भवानी शाह विरूद्ध मालपोत कार्यालय, जाजरकोटसमेत भएको रिट नं ३७२४ मिति २०५९।१।१० (*नेकाप* २०५९, नि.नं.७०७७) मा प्रतिपादित सिद्धान्तसमेत प्रस्तुत मुद्दामा प्रासङ्गिक देखिन आउँछ। यी निवेदकले निवेदनसाथै आफूसित भएको दर्ता तिरो एवम् गाउँ विकास समितिको सिफारिससमेतका प्रमाणहरू राखी दिएको निवेदनमा अन्य आवश्यक जो जे बुझ्नुपर्ने प्रमाण बुझी दावीको जग्गा निवेदकको नाममा दर्ता हुने वा नहुने निर्णय गर्ने अधिकार विपक्षी मालपोत कार्यालय, मुगुलाई हुँदाहुँदै निवेदन दर्ता गरी निवेदन दावीको औचित्यतर्फ बोल्दै नबोली निवेदन दरपीठ गर्ने गरेको कार्य प्रचलित कानून र यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तहरूसमेतको विपरीत देखिँदा मालपोत कार्यालय, मुगुबाट मिति २०६७।२।२८ मा भएको दरपीठको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदकको निवेदन दर्ता गरी निवेदकको हकभोगको जग्गा के कति हो वा होइन भन्ने विषयमा प्रमाणको विश्लेषण र विवेचना गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६८-CI-१५०१,

बेलगती मोही लगत कट्टा, *सुखल दास वैरागी वि. यदै खाँ थारू*

"एक पटक मोही कायम भैसकेपछि कानूनबमोजिम निष्काशन नभएसम्म मोहीको हक सुरक्षित रहने, जग्गाधनी प्रमाण पुर्जामा मोही उल्लेख गरिएको लामो समयसम्म जग्गा जोती आएको अवस्थामा खाली अनुसूची १,२ र कबुलियत नभएको भन्ने आधारमा मोही लगत कट्टा गर्दै जाने हो भने भूमिसम्बन्धी कानून व्यवस्था र कानूनी राज्यको उपहास हुन जान्छ ।" भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भइरहेको अवस्थामा र प्रस्तुत मुद्दाका प्रतिवादीले मोही प्रमाणपत्र प्राप्त नगरेको भए पनि लामो समयदेखि वादीको घरबारीभन्दा बाहेकको जग्गा जोतभोग गर्दै आएको एवम् जग्गाधनीले बाली बुझी भरपाई दिँदै आएबाट यी प्रतिवादी मोही होइनन् भनी निष्काशन गर्ने हो भने भूमिसम्बन्धी कानूनी व्यवस्था वैयत्तिक हक एवम् कानूनी राज्यको अवधारणाको प्रतिकूल हुनजाने देखिँदा सुरू भूमिसुधार कार्यालय, बाराले प्रतिवादी भदै खाँ थारूलाई मोही निष्काशन गर्ने गरी गरेको निर्णय बदर गरी मोही लगत कायम गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।६।३ को फैसला प्रतिपादित कानूनी सिद्धान्त एवम् भूमिसम्बन्धी कानूनी व्यवस्थाको प्रतिकूल नदेखिँदा सदर हुने ठहर्छ, वादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उमानाथ गौतम

इति संवत् २०७१ साल जेठ १६ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-८०८, लेनदेन, *समुन्द्रदास श्रेष्ठ वि. राकेशभक्त श्रेष्ठ*

प्रतिवादी पक्षले पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन गर्दा दावीको सक्कल लिखतमा उक्त रकमको व्याजको सम्बन्धमा कुनै कुरा उल्लेख गरेको छैन तापनि साँवा ब्याज भराउने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला उल्टी गरिपाउँ भनी जिकिर लिएको र पुनरावेदन अदालत, पाटनले लिखतमा व्याजको बारेमा कुनै कुरा उल्लेख नगरेको हुँदा लिखतअनुरूप रू.११,२४,९९९।- को साँवा रकम मात्र भराई पाउने ठहरी फैसला भएको देखिन्छ । व्याज भराउने सम्बन्धमा मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ६ नं. ले लिखतमा व्याज नलेखिएकोमा व्याज पाउँदैन भनी उल्लेख गरको देखिन्छ । लिखतमा व्याजको सम्बन्धमा कुनै कुरा उल्लेख गरेको नदेखिएको अवस्थामा लिखतबमोजिम साँवा रकमसम्म भरिपाउने ठहर गर्नुपर्नेमा वादीले प्रतिवादीबाट व्याजसमेत भराई पाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।७।२९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वादीले प्रतिवादीबाट लिखतबमोजिमको साँवा रकममात्र पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।५।२६ मा भएको फैसलालाई अन्यथा परिवर्तन गर्नु न्यायोचित देखिएन । उक्त फैसला सदर हुने ठहर्छ । लिखितबमोजिमको कुनै पनि रकम तिर्नु बुझाउनुपर्ने होइन भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद वस्याल

कम्प्युटरः सन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६७-CR- ०१२२, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. अजयकुमार यादव*

प्रतिवादीको साथबाट बरामद भएको सामान निजले खरिद गरी लिएको हुँ भनिरहेको र वादी पक्षले पेस गरेको मूल्याङ्कन भन्दा बढी नै मोलमा खरिद लिएको हैन भन्ने वस्तुगत एवम् तथ्ययुक्त प्रमाण वादीले गुजार्न नसकेको स्थितिमा निजलेनै चोरी गरेको वा चोरीको भन्ने जानीजानी लिएको भनी अदालतले अनुमान गरी आत्मनिष्टरूपमा कसुरदार कायम गरी सजाय गर्न न्यायोचित नहुने ।

वस्तुनिष्ठ प्रमाणको अभावमा यी प्रतिवादीलाई सफाइ दिने ठहराई गरेको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।१० को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *गंगाराम लखु भन्ने गंगाराम लघु वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदक कैदमा रहँदाको अवस्थामा सहनाइके, नाइके र शिक्षकसमेत भई पूरा गरेको जिम्मेवारीबापत १ वर्ष २ महिनाको शतप्रतिशत सुविधा उपलब्ध नगराएको भन्ने निवेदन दावी रहेको छ। सो सम्बन्धमा विचार गर्दा सो सुविधा दिने निकाय कारागारको सिफारिसमा कारागार व्यवस्थापन विभाग तथा नेपाल सरकार, गृह मन्त्रालयको कार्यापालिकीय अधिकारक्षेत्रको विषय भएकाले त्यस विषयमा प्रवेश गरी अदालतले बोल्न मिल्ने नदेखिने।

अत साधिकार अदालतका अन्तिम निर्णयअनुसार फैसला कार्यान्वयन गर्ने सिलसिलामा काठमाडौ जिल्ला अदालत एवम् भक्तपुर जिल्ला अदालतको कैदी पुर्जीअनुसार कैद तथा जरिवानासमेतमा कैद ठेकिई कैद भुक्तान गरी रहेकोलाई गैरकानूनी थुनामा रहेको भन्न मिल्ने नदेखिएको एवम् उल्लिखित कैदी पुर्जीअनुसार निवेदक मिति २०७२।१०।२५ सम्म बसी मिति २०७२।१०।२६ मा कैदबाट छुटी जाने देखिँदा निवेदन माग दावीअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भई रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः उमानाथ गौतम

इति संवत् २०७१ साल असार ३१ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** २०६९-WO-०२९२, उत्प्रेषण, *मनोजकुमार मिश्र वि. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार,काठमाडौं*

**मा.न्या.श्री दीपकराज जोशीको रायः**

नेपाल बालसङ्गठनले निवेदक तरूण सेवा निर्माण प्रा.लि.लाई जग्गा दिँदा

सूचनापाटीमा सूचना प्रकाशित गरी लिज भाडामा दिने प्रस्ताव अनुसार ३ वटा कम्पनी र एउटा व्यक्तिको प्रस्ताव पेस भई निवेदकको प्रस्ताव स्वीकार गरी ३ वर्ष निर्माण अवधि र ३५ वर्ष लिज अवधि राखी वार्षिक रू. ४,४०,९७६।२८ मा सम्झौता गरी लिज भाडामा लिए दिएको पाइन्छ । सो लिज भाडाको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी परी छानबिन गरी बुझ्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(१) र (४) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्रको सूचना प्रकाशित गरी तोकिएको अवधि समाप्त भएपछि परेका प्रस्तावहरूमध्येबाट सबभन्दा उत्तम प्रस्तावलाई स्वीकार गरी सम्झौता गर्नुपर्ने हुन्छ । नेपाल बाल सङ्गठनले बोलपत्र आह्वान गर्दा राष्ट्रियस्तरको दैनिक पत्रिकामा बोलपत्रको सूचना प्रकाशित गरेको मिसिल संलग्न कागजबाट नदेखिने ।

नेपाल बाल सङ्गठन गठित नभै राष्ट्रिय निर्देशनालय ऐन, २०१८ बमोजिम गठित स्वशासित संस्था रहेको छ । यस्तो संस्थाले नेपाल सरकारबाट अनुदान पाएको देखिँदैन । आफ्नो संस्थाको आर्थिक क्रियाकलाप परिचालनको लागि यस्ता संस्था कानूनीरूपमा स्वायत्त रहेको पाइन्छ । नेपाल सरकारबाट अनुदान नै नलिई आफ्नो आयस्रोत बढाउने सम्बन्धमा आफ्नो कम्पाउण्डभित्र रहेका प्रयोगहीन जग्गा भाडा वा लिजमा दिँदा नेपाल बाल सङ्गठनले आफ्नो संस्थाको बृहत हितमा असर नपर्ने गरी भाडा लिजमा दिएको कार्यलाई लिएर राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (छ) अनुसार निर्देशन दिएको देखिन्छ । नेपाल बाल सङ्गठन उपरोक्त कानूनी व्यवस्था भएबमोजिमको संस्था नभई स्वशासित संस्था रहेकोलाई उक्त दफा ३८ (छ) अनुसार भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकताअनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने भन्ने उल्लेख भएको पाइन्छ । तर नेपाल बाल सङ्गठन स्वशासित संगठित संस्था रहेको संस्थामा निर्देशन नै दिन नमिल्नेमा निर्देशन दिएको कार्यसम्म त्रुटि रहेको देखिने ।

रिट निवेदक तरूण निर्माण सेवा प्रा. लि.ले नेपाल बाल सङ्गठनको कि.नं. ७६० को जग्गामध्ये १३-१२-१-० जग्गा लिजमा लिएको दिएकोमा राष्ट्रिय सतर्कता केन्द्रको निर्देशनबाट रिट निवेदक तरूण निर्माण सेवा प्रा.लि.को संविधानप्रदत्त मौलिक हकमा आघात पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

**मा.न्या.श्री गोविन्दकुमार उपाध्यायको रायः**

निवेदक नेपाल बाल सङ्गठन भएको रि.नं. ०६९-WO-०२३९ को रिट निवेदनमा यही सम्झौताको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले दिएको यहि निर्देशन कानूनसम्मत नै भएको भनी उक्त रिट निवेदन खारेज हुने ठहरी आदेश भएको र प्रस्तुत निवेदनमा पनि सोही सम्झौताका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले निर्देशन दिएको अवस्था हुँदा सोही आधारबाट यो रिट निवेदन पनि खारेज हुने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** २०६७-WO-१०१८, उत्प्रेषण/परमादेश, *रमेश भोमी वि. पुनरावेदन अदालत, पाटनसमेत*

**मा.न्या.श्री दीपकराज जोशीको राय:**

निवेदक नेपाल बाल सङ्गठन र बृहस्पति विद्यासदन उच्च माध्यमिक विद्यालयको बीचमा भएको सम्झौता रद्द भएमा मुद्दामा जानुभन्दा पहिला पक्षहरूले मध्यस्थद्वारा समाधान गर्नुपर्ने भन्ने उल्लेख भएको अवस्थामा पुनरावेदन अदालत, पाटनले रिट निवेदक नेपाल बाल सङ्गठनलाई मध्यस्थ नियुक्त गरी प्रतिनिधि पठाउने आदेश गरेकोमा यी निवेदक मध्यस्थतर्फ नगई अ.बं. १७ नं. को उपचारको लागि प्रस्तुत रिट निवेदन लिई एकैसाथ यस अदालतमा प्रवेश गरेको देखिन्छ । यसरी प्रस्तुत विवादको सामाधानको वैकल्पिक कानूनी व्यवस्थाको उपचार बाँकी नै रहेको अवस्थामा निवेदक नेपाल बाल सङ्गठन रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

**मा.न्या.श्री गोविन्दकुमार उपाध्यायको राय:**

निवेदककले विपक्षी विद्यासदनलाई २०६६।९।३० मा लेखेको पत्रमा २०५९।५।११ मा भएको सम्झौताबमोजिमको भाडा दर अस्वाभाविकरूपमा कम भएको र भाडा दर वृद्धि गर्ने सम्झौता रद्द गरी पुनः सम्झौता गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. ६५५ मिति २०६६।८।३० को पत्रबाट निर्देशनात्मक आदेश प्राप्त भएको र सो विषयमा हामी दुई पक्षबीच बारम्बार आपसी सहमति तथा समझदारीद्वारा लिज भाडा दर वृद्धि गरी नयाँ भाडा दर कायम गर्ने सम्बन्धमा भएका छलफलबाट लिज भाडा दर वृद्धि गर्न असमर्थ रहेको भन्ने त्यस वृहस्पति विद्या सदनको निर्णय प्राप्त भएको हुँदा उक्त मितिको सो सम्झौता २०६६।९।३० देखि लागू हुने गरी रद्द गरिएको भन्ने व्यहोरा उल्लेख भएबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्र प्राप्त भएपछि पनि प्रस्तुत करारका सर्तहरू संशोधन गर्ने सम्बन्धमा निवेदक र विपक्षीका बीचमा बारम्बार छलफल भएको तर दुबै पक्षले आआफ्नो अडान छाड्न नमानेको कारणबाट प्रस्तुत करार रद्द भएको देखिन्छ । यस्तो अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अगाडि सारेर मध्यस्थताको प्रावधानलाई निरर्थक गर्नु मनासिब नहुने ।

मध्यस्थता ऐन, २०५५ को दफा १६ को उपदफा (१) मा मध्यस्थसमक्ष पेस भएको विवादको निरूपण गर्ने मध्यस्थको क्षेत्राधिकार नरहेको वा जुन करारको कारणबाट विवाद उत्पन्न भएको हो सो करार नै गैरकानूनी वा बदरयोग्य वा प्रभावहीन भएको दावी कुनै पक्षले लिन चाहेमा त्यस्तो दावी निजले मध्यस्थसमक्ष पेस गर्न सक्नेछ र मध्यस्थले आफूलाई सुम्पिएको कामकारवाही प्रारम्भ गर्नुअघि क्षेत्राधिकार वा करारको वैधता वा प्रभावकारिताका सम्बन्धमा निर्णय गर्नुपर्नेछ भनी र उपदफा (३) मा उपदफा (१) बमोजिम कुनै करारको वैधता वा प्रभावकारिताको सम्बन्धमा निर्णय गर्ने प्रयोजनका लागि कुनै करारमा मध्यस्थताद्वारा विवादको समाधान गर्ने प्रावधान रहेछ र सो प्रावधान सोही करारको अभिन्न अङ्गको रूपमा

रहेको रहेछ भने सो करारको मध्यस्थतासम्बन्धी प्रावधानलाई छुट्टै सम्झौताको रूपमा लिइनेछ । मध्यस्थले त्यस्तो करार बदर वा अमान्य हुने गरी वा प्रभावहीन भएको निर्णय गरे तापनि सोही कारणले त्यस्तो प्रावधान कानूनतः बदर वा अमान्य वा प्रभावहीन भएको मानिने छैन भनी उल्लेख भएको पाइन्छ । यो दफा बाहेक मध्यस्थको क्षेत्राधिकार नहुने सम्बन्धमा उक्त ऐनको अरू कुनै पनि दफाले सम्बोधन गरेको वा करार भङ्ग वा रद्द भएको अवस्थामा मध्यस्थबाट विवाद समाधान नहुने भनी कुनै बन्देज लगाएको नपाइने ।

ऐनको दफा २ को परिभाषा शीर्षकको खण्ड (क) मा "सम्झौता" भन्नाले करार भएको वा नभएको कुनै निश्चित कानूनी सम्बन्धका विषयमा तत्काल उठेको वा भविष्यमा उठ्न सक्ने विवादलाई मध्यस्थताद्वारा समाधान गराउनको लागि पक्षहरूबीच भएको लिखित सहमति सम्झनुपर्छ भन्ने कुरा उल्लेख भई सम्झौतासँग सम्बन्धित सम्झौताजन्य सबै विवाद मध्यस्थबाट निरोपण हुने व्यवस्था गरेको देखिन्छ भने दफा ३० को उपदफा (२) मा मध्यस्थको निर्णय बदर हुन सक्ने देहायका कुराभित्र करार रद्द वा भङ्ग भएमा बदर हुने भनी कुनै कुरा उल्लेख भएको नदेखिने । भरिभराउ वा क्षतिपूर्ति गरिदिनुपर्ने रकममा पनि मध्यस्थले निर्णय गर्नसक्ने कुरा उक्त ऐनको दफा २७ को खण्ड (घ) र (ङ) मा स्पष्ट उल्लेख भएको र यो अवस्था करार रद्द वा भङ्ग भएको अवस्थामा बढी उत्पन्न हुने अवस्था भएकाले करार भङ्ग वा रद्द भएकाले मध्यस्थ नियुक्त हुन नसक्ने भन्ने जिकिर युक्तिसङ्गत् नदेखिने ।

मध्यस्थता गर्नुपर्ने कारण नै सम्झौताजन्य व्यापारिक विवाद छिटो सम्बन्धित विषयका विज्ञहरूबाट छरितो र न्यायपूर्ण ढङ्गबाट टुङ्गो लगाउनका लागि हुने भएकाले करारको यथावत परिपालनबाट सम्झौताको आदर हुन्छ वा क्षतिपूर्ति भराउनु मनासिब हुन्छ, त्यसमा समेत मध्यस्थले विचार गरी उपयुक्त अवस्थामा यस सम्बन्धमा निषेधाज्ञा, करारको यथावत परिपालना आदि समन्यायिक उपचार पनि प्रदान गर्नसक्ने हुन्छ । अर्को शब्दमा मध्यस्थताको व्यवस्था नभएको सम्झौताका सम्बन्धमा करार ऐन र तत्सम्बन्धी सिद्धान्तको अधीनमा रहेर अदालतले निर्णय गर्न सक्ने सम्पूर्ण विषयहरूमा सम्झौताले नै अन्यथा व्यवस्था गरी सीमा तोकेमा वा प्रतिबन्ध लगाएमा बाहेक मध्यस्थले अदालतसरह यावत सारवान् कुरामा निर्णय गर्नसक्ने ।

सम्झौता भङ्ग भएको अवस्थामा पनि arbitration clause जीवित रहन्छ । अन्यथा व्याख्या गर्दा पक्ष access to justice को अधिकार वञ्चितबाट हुन पुग्छ । यहाँसम्म कि राज्यले कानून नै बनाई मध्यस्थता गर्ने व्यवस्था हटाएकाले मध्यस्थता हुन नसक्ने जस्ता जिकिर पनि मान्य हुँदैन । आपसी सहमति र इमान्दारिता good faith का आधारमा गरेको सम्झौतालाई एकपक्षीयरूपले संशोधन गर्न नपाउने गरी राखेको stabilization clauses र अन्तर्राष्ट्रिय कानूनको pacta sund servanda अर्थात् agreement must be honoured भन्ने मान्य सिद्धान्तको समेत विपरीत हुने ।

मध्यस्थता ऐन, २०५५ को दफा ४

को उपदफा (१) मा दफा ३ को उपदफा (२) बमोजिम मध्यस्थताद्वारा समाधान गराउन चाहेको विवादको विषयमा दायर रहेको मुद्दाको लगत काट्न अदालतले आदेश दिन सक्नेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अदालते मुद्दाको लगत काट्ने आदेश दिने छैनः (क) मध्यस्थता हुनसक्ने विषयको साथसाथै मध्यस्थता हुन नसक्ने विषयमा पनि निर्णय दिनुपर्ने देखिएमा वा (ख) मध्यस्थताद्वारा विवादको निर्णय हुन नसक्ने कुनै मनासिब कारण देखिएमा भनी उल्लेख भएको व्यवस्थाबाट समेत मध्यस्थताको प्रावधान भएको कुरामा अदालतको अधिकारक्षेत्र नहुने भन्ने कुरा स्पष्ट हुन्छ । यस विवादमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हस्तक्षेप भएको भन्नु बाहेक मध्यस्थता हुन नसक्ने यो यस्तो द्विपक्षीय विवाद रहेको कुरा भनी निवेदकबाट कुनै जिकिर आउन सकेको छैन । आयोगको हस्तक्षेपका सम्बन्धमा माथि नै पर्याप्त विवेचना भैसकेकाले यसमा उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश लाग्ने नदेखिने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनले सम्झौता रद्द गरिए पनि सम्झौतासम्बन्धी विवादमा पर्ने नालिसको दायित्व पूरा गर्ने जवाफदेही आयोगउपर नहुने भई निवेदक बाल सङ्गठन र विपक्षी विद्यासदनउपर नै रहने हुँदा करार रद्द वा भङ्ग भएपछि पनि करारको यथावत् परिपालना गरिनुपर्ने हो वा क्षतिपुर्ति व्यहोर्नुपर्ने हो क्षतिपूर्ति व्यहोर्नुपर्ने अवस्थामा त्यस्को निर्धारण के कसरी हुने हो भन्ने जस्ता विवादहरूको निराकरण गर्नुपर्ने हुन्छ र त्यसरी निरूपण गर्दा सम्झौतामा नै टेक्नुपर्ने हुन्छ । सम्झौतामै उल्लेख भएको क्षति भराई पाउनेदेखि बाहेक कुनै पक्षले आफ्नो दायित्व वा कर्तव्य पूरा नगरेको कारण अर्को पक्षलाई पुग्न गएको वास्तविक हानि नोक्सानी त्यसरी मर्का पर्ने पक्षले अर्को पक्षसँग क्षतिपूर्तिबापत पाउनेछ र त्यसरी वास्तविक क्षतिको क्षतिपूर्ति तिर्ने दायित्व क्षति पुर्‍याउने पक्षको हुनेछ, विवाद र विवाद समाधानको सम्झौता लागू भैसकेपछि सम्झौतासँग कुनै विषयमा दुई पक्षको बीचमा विवाद भएमा दुबैपक्षले आफूले तोकेको एकएक जना गरी २ जना मध्यस्थ र ती दुई जनाले तोकेको तेस्रो मुख्य मध्यस्थबाट मध्यस्थता गराई विवादको समाधान गराउनु पर्नेछ । त्यस्तो मध्यस्थताको कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ । त्यसरी पनि विवाद समाधान नभएमा सम्बन्धित अदालतमा मुद्दा गर्नुपर्नेछ भनी उल्लेख भएको देखिन्छ । तर उक्त सम्झौतामा विवाद उत्पन्न भएको कति दिनभित्र मध्यस्थको नियुक्तिको माग गर्नुपर्ने भन्नेसमेतको सम्बन्धमा हदम्यादको व्यवस्था रहेको नदेखिने ।

यस सम्बन्धमा मध्यस्थता ऐन, २०५५ को दफा ६(१) सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक मध्यस्थताद्वारा विवादको समाधान गराउनुपर्ने कारण उत्पन्न भएको मितिले तीन महिनाभित्र मध्यस्थ नियुक्त गर्ने प्रक्रिया सुरू गर्नुपर्नेछ भनी उल्लेख भएअनुसार सो हदम्याद बितेको भनी निवेदकले यस रिट निवेदनमा कुनै जिकिर लिन सकेको नदेखिँदा पुनरावेदन

अदालतले मध्यस्थ नियुक्ति गर्नका लागि गरेको आदेशमा कानूनी त्रुटि रहेको देखिन नआउने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१३७६, जबर्जस्ती करणी, *बिरबल राई वि.नेपाल सरकार*

लिङ्ग योनीमा पूर्ण प्रवेश नभएको अवस्थामा कन्याजाली (Hymen) च्यातिएकै अवस्थाको हुनुपर्छ भन्नेसमेत हुँदैन । डेरा घरको कोठा खाली गराउनकै लागि जाहेरवालाले आफ्नी नाबालक छोरीलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको भनी जाहेरी दिई सो जाहेरीलाई अदालतसम्म आएर बकपत्र गरी पुष्टि गरिदिनुपर्ने अवस्था तर्कसम्मत भएको नहुँदा प्रतिवादीको पुनरावेदन जिकिर सान्दर्भिक देखिन नआउने हुँदा प्रतिवादी विरबल राईले अभियोग दावीबमोजिम मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. को कसुर गरेको देखिने हुँदा निजलाई सोही महलको ३(१) बमोजिम १० वर्ष कैद तथा सोही १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.२५,०००।– क्षतिपूर्तिसमेत भराइदिने गरी पुनरावेदन, अदालत पाटनबाट मिति २०६८।८।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-१२३६, उत्प्रेषण, *केशव के.सी. वि. मोहनलक्ष्मी पाण्डेसमेत*

रिट निवेदनमा निवेदकले उत्प्रेषणको आदेशले बदर गरिपाउन माग गरेको मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६८।१२।३० को निर्णय बदर गरिपाउन माग गरी हक कायम गरी ल्याउन काठमाडौं जिल्ला अदालत जानु भनी मिति२०६९।१०।२८ मा पुनरावेदन अदालत, पाटनबाट फैसला भई सो फैसलाबमोजिम किरणमान प्रधान र वीरेन्द्रमान प्रधानले काठमाडौं जिल्ला अदालतमा हक कायम मुद्दासमेत दायर गरी सो मुद्दा प्रस्तुत रिट किनारा नलागेसम्म मुलतवीमा रहने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।३।२६ मा मुलतवी आदेश भएको कुरा आज इजलाससमक्ष पेस भएको किरणमान प्रधानसमेतको सरिक हुनपाउँ भन्ने विषयको निवेदनसाथ पेस भएको पुनरावेदन अदालत, पाटनको फैसला तथा काठमाडौं जिल्ला अदालतको आदेशसमेतको प्रतिलिपिबाट देखिने ।

रिट निवेदकले मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६८।१२।३० मा कि.नं. ११७ को जग्गा दर्ता गर्ने भनी भएको निर्णय बदर गरिपाउँ भनी जिकिर लिएकोमा पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।२८ को

फैसलाले सो निर्णय बदर भैसकेको देखिएकाले प्रस्तुत निवेदनबमोजिम आदेश जारी गरिरहन पर्ने आवश्यकता एवम् औचित्य नदेखिई निवेदन जिकिर निरर्थक भएकाले खारेज हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०४११, जग्गा नामसारी, *जगतलक्ष्मी श्रेष्ठ वि. दुर्गालाल श्रेष्ठसमेत*

एउटै जग्गामा धेरै पक्षको दावी गरी निवेदन परेको अवस्थामा हक बेहकको प्रश्न समावेश भएको मानी सबुद प्रमाण बुझी हक कायम गराइदिनुपर्ने अवस्था हुन्छ । यस्तो अवस्थामा हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको नदेखिने ।

प्रस्तुत मुद्दामा पनि एकभन्दा बढी पक्षले जग्गामा दावी गरी निवेदन दिएको देखिन्छ मोतिलालको हक हिस्साको जग्गा कसले पाउने भनी हक बेहकको प्रश्न उठेको अवस्थामा पुनरावेदन अदालत, पाटनबाट हक कायम गराई ल्याउन भक्तपुर जिल्ला अदालत जानु भनी भएको फैसलालाई हक बेहकमा प्रश्न नै नउठी साविक दर्तावाला मरी निजको नजिकको हकवालाले नामसारीमा निवेदन गरी मालपोत कार्यालयबाट मालपोत ऐन, २०३४ को दफा ८ बमोजिम नामसारी दर्ता गर्ने गरी भएको विशुद्ध प्रशासनिक निर्णयलाई बदर गरेको मिलेको छैन भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

हक बेहकमा प्रश्न उठेको अवस्थामा प्रमाणको मूल्याङ्कन गरी हक कायम गराई ल्याउनु भनी सुनाइनुपर्नेमा मालपोत कार्यालय, भक्तपुरबाट पुनरावेदक प्रतिवादीहरूका नाममा दर्ता नामसारी गरिदिने गरी भएको मिति २०६७।६।२४ को निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि भएकाले बदर हुने र साविक दर्तावाला मोतिलालको हक नामसारी सम्बन्धमा हक कायमको निमित्त भक्तपुर जिल्ला अदालत जानु भनी सुनाइदिने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०२३४, उत्प्रेषण, *शम्भु के.सी. वि क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल, सानोठिमी भक्तपुरसमेत*

रिट निवेदक मिति २०६७।४।६ गतेबाट लगातार विद्यालयमा अनुपस्थित रहेको कुरामा कुनै विवाद छैन । निजले आफू उपस्थित हुन नसक्ने जानकारी विद्यालयलाई गराएको कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । ऐ नियमावलीको नियम १०७ मा असाधारण बिदा, बेतलबी बिदा र अध्ययन बिदा, विद्यालय व्यवस्थापनको सिफारिसमा जिल्ला शिक्षा अधिकारीबाट

स्वीकृत हुने व्यवस्था देखिन्छ । यी निवेदकले विद्यालय व्यवस्थापन समितिबाट असाधारण बिदा स्वीकृतिको लागि सिफारिस गराउन सकेको समेत देखिँदैन । निजलाई कारवाही गर्ने क्रममा जिल्ला शिक्षा कार्यालयले मिति २०६७।१०।१६ मा स्पष्टीकरण पेस गर्नेबारेको सूचना गोरखापत्रमा प्रकाशन गरेको मिति २०६७।१२।२२ र मिति २०६८।२।९ मा क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशकबाट निजलाई स्पष्टीकरण सोधी निवेदकलाई सुनुवाइको मौका दिएको पनि देखिन्छ । निजलाई सोधिएको स्पष्टीकरणपत्रमा हुनसक्ने सजायसमेत उल्लेख भएको देखिन्छ । त्यस्तै क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलका निर्देशकबाट मिति २०६८।३।१३ गते यी रिट निवेदकलाई नोकरीबाट हटाउने गरी भएको निर्णय हेर्दा सो निर्णय टिप्पणी र आदेशको प्रक्रियाबाट भएको र निर्णय क्षेत्रीय निर्देशकबाट नै भएको देखिने ।

निवेदकलाई शैक्षिक नोकरीबाट हटाउने गरी क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशकबाट मिति २०६८।३।१३ गते भएको निर्णयमा शिक्षा ऐनको दफा १६(ङ) मा व्यवस्था भएको बिनासूचना १५ दिनभन्दा बढी विद्यालयमा अनुपस्थित रहेको, आफू अनुपस्थित रहेको, समयको बिदा स्वीकृत गराउन नसकेको रिट निवेदकलाई जिल्ला शिक्षा कार्यालयबाट मिति २०६७।१०।१६ मा गोरखापत्रमा सूचना प्रकाशित गरी स्पष्टीकरण सोधी स्पष्टीकरण चित्त बुझ्दो नभएकोले क्षेत्रीय शिक्षा निर्देशनालय पठाएको, क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशकबाट मिति २०६७।१२।२२ र मिति २०६८।२।९ मा समेत स्पष्टीकरण सोध्ने गरी पत्र लेखिएको सो पत्रमा हुनसक्ने सजायसमेत उल्लेख भएको तथा निवेदकबाट पेस भएको स्पष्टीकरण चित्तबुझ्दो नभएको हुँदा निजलाई शैक्षिक नोकरीबाट हटाउने गरी क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलका क्षेत्रीय निर्देशकबाट मिति २०६८।३।१३ मा भएको निर्णय कानूनबमोजिमका सम्पूर्ण प्रक्रिया पूरा गरी भए गरेको देखिँदा निवेदकको मागबमोजिम सो निर्णय बदर गर्न नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।

शाखा अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-१०६५, उत्प्रेषण, *रविन्द्रप्रसाद सिंह वि. शिक्षा मन्त्रालयसमेत*

रिट निवेदनमा खारेज गरिपाउँ भनी दावी लिएको मिति २०६८।९।२४ को मन्त्रिस्तरीय निर्णय निवेदकले निवेदनसाथ पेस गरेको शिक्षा मन्त्रालय शिक्षा विभाग विद्यालय व्यवस्थापन शाखा (माध्यमिक) सानोठिमी भक्तपुरको च.नं. १२९ मिति २०६८।९।२९ को निर्देशनपत्रको प्रतिलिपिको प्रकरण नं. ७ मा "संस्थागत विद्यालयको हकमा नयाँ विद्यालय खोल्ने सम्बन्धमा विद्यालय नक्साङ्कनको आधारमा मात्रै शिक्षा नियमावली, २०५९ को नियम ५ बमोजिम अनुमति दिने प्रावधान रहेबमोजिम अर्को व्यवस्था नभएसम्मका लागि तत्काललाई

अनुमति दिने कार्य रोक्का गर्नुहुन" भन्ने उल्लेख भएको देखिँदा मन्त्रालयबाट भएको सो निर्णय यी निवेदकले दर्ता गर्न लागेको हेरिटेज इङ्गलिस बोर्डिङ स्कुललाई विद्यालय सञ्चालन गर्न अनुमति नदिनु भन्ने आसयको मात्रै नदेखिई ऐन नियमबमोजिमको प्रक्रिया र पूर्वाधार पूरा गरेका अन्य प्रस्तावित विद्यालयलाई मात्र विद्यालय सञ्चालन गर्ने अनुमति दिनु भन्ने आसयको देखिन्छ । शिक्षा मन्त्रालयबाट आफ्ना मातहतका निकायलाई ऐन नियममा उल्लेख भएको व्यवस्थाबमोजिम गर्नु भनी दिएको निर्देशन कानूनविपरीतको मान्न मिलेन । साथै कानूनबमोजिमका पूर्वाधार पूरा गरेका विद्यालयलाई मात्र सञ्चालन गर्ने अनुमति दिनु भन्ने शिक्षा मन्त्रालयको निर्णयबाट यी निवेदकको कुनै कानूनी हकमा आघात परेको भन्न नमिल्ने ।

निवेदकले उत्प्रेषणको आदेशले खारेज गरिपाउँ भनी दावी लिएको अनुमति दिने कार्य विद्यालय नक्साङ्कन र विद्यालय खोल्ने अनुमति सम्बन्धमा निर्धारण गरेको सङ्ख्याको आधारमा गर्ने गरी अर्को व्यवस्था नभएसम्मको अवधिका लागि रोक्का राख्ने गरी भएको मिति २०६४।९।२४ को मन्त्रिस्तरीय निर्णयबाट निवेदकको हक अधिकारमा आघात पर्ने नभै सो निर्णय कानूनअनुरूप नै भएकाले निवेदन मागबमोजिम उत्प्रेषणसहितको आदेश जारी गरिरहन नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०३५५, उत्प्रेषण/परमादेश, रेश्मा डंगोल वि. सेफ बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौंसमेत

रिट निवेदकले नै निवेदनसाथ पेस गरेकी नेपाली राष्ट्रिय दैनिक राजधानीमा प्रकाशित भएको कर्जा चुक्ता गर्न आउनेबारेको ३५ दिने सूचनाको ऋणीको महलमा रेश्मा डंगोल र कर्जा शीर्षकमा व्यक्तिगत कर्जा भन्ने उल्लेख भएको साथै निजले रिट निवेदन साथ पेस गरेकी विपक्षी सेफ बचन तथा ऋण सहकारी संस्था लि. को च.नं. २९८/७१/७२ मिति २०७१।४।३० को ऋणको साँवा ब्याज बुझाउनेसम्बन्धी पत्रमा तपाईंले यस संस्थाबाट लिनु भएको ऋण भनी उल्लेख भएको देखिन्छ । यी रिट निवेदिकाले उक्त संस्थाबाट ऋण नलिएको भए विपक्षी संस्थाबाट पत्राचार वा सूचना प्रकाशित भएपश्चात विपक्षी संस्थासँग सम्पर्क गरी उक्त व्यहोरा खुलाई उन्मुक्तिको प्रयास गर्नुपर्नेमा सोबमोजिम गरेकी भन्ने रिट निवेदन व्यहोराबाट देखिँदैन । आफूले यथोचित प्रयास गर्दा पनि विपक्षी संस्थाले निवेदिकाको कुनै कुरा नसुनेको खण्डमा त्यसका विरूद्धमा जालसाजीलगायतको कानूनले प्रदान गरेको साधारण उपचारको मार्ग अवलम्बन गर्न सकिनेमा सो उपचार अवलम्बन नगरी यी निवेदिका सोझै रिट क्षेत्रमा प्रवेश गरेकी देखिन्छ । ऋण लिएको हो

होइन भन्ने विवादको निरूपण रिटबाट हुन पनि सक्तैन । यसमा विपक्षीहरूबाट लिखित जवाफ माग गर्नुपर्ने अवस्थाको त्रुटिको विद्यमानता नरहेकाले विपक्षीहरूसँग लिखित जवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७१ साल मङ्सिर ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०३६२, उत्प्रेषण, *हवेन्द्रलाल राई वि. मालपोत विभाग, बबरमहल काठमाडौंसमेत*

कि.नं.७६० को विवादित जग्गाका सम्बन्धमा निर्णय नै भैसकेको अवस्थामा आफ्नो सबुद प्रमाण खुलाई दर्ता बदर दर्तालगायतका साधारण कानूनले दिएको उपचार ग्रहण गरी निवेदकले सुरू अदालतमा नालिस गर्नुपर्ने हुन्छ । यही अनुरूप सबैले उपचार लिइरहेको देखिन्छ । प्रस्तुत जग्गाका सम्बन्धमा निर्णय भइसकेको भए सो निर्णय बदर गर्ने हैसियत र अधिकार मालपोत कार्यालयको हुनै नसक्ने हुँदा त्यस अवस्थामा मालपोत कार्यालयका नाममा आदेश जारी गर्न मिल्ने हुँदैन । निर्णय हुन बाँकी नै भएमा यी निवेदकले मालपोत कार्यालयमा नै तरताकेता निवेदन आदि गरी कारवाहीलाई सम्पन्न गराउनु सक्नुपर्छ सो गर्दा पनि निवेदक सफल हुन नसकेमा मालपोत कार्यालयउपरको पुनरावेदकीय अधिकारक्षेत्र रहेको पुनरावेदन अदालतमा जानुपर्ने हुन्छ । ती सब केही नगरी अनिश्चित निर्णय बदरको माग गरेको निवेदकको निवेदन जिकिर आपत्तिजनकसमेत देखिन्छ । विवादित जग्गा निवेदकका नाममा दर्ता गर्नका लागि परमादेशको आदेश जारी गरिपाउँ भन्ने हकमा यस्ता जग्गा दर्तासम्बन्धी कुराको निरूपण सबुद प्रमाणको मूल्याङ्कनबाट हुने भएको र रिटबाट सबुद प्रमाण आदि बुझ्ने, सद्दे किर्ते सुनाउने, लगत आदि भिडाउने कार्य गरी विवादको निरूपण गर्न मिल्ने नदेखिँदा निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन । विपक्षीबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७१ साल मङ्सिर ८ गते रोज २ शुभम् ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RE-०१५५, बैङ्किङ कसुर, *दिनेश तामाङ वि. नेपाल सरकार*

अभियोगपत्रमा दावी गरिएको बिगोको आधारमा मुलुकी ऐन, अ.बं. ११८ को देहाय ५ र १० नं. बमोजिम धरौट माग गर्नुपर्नेमा सोभन्दा अत्यधिक बढी धरौट माग गर्ने आदेश गर्दा त्यसरी बढी धरौट माग गर्नुपर्ने स्पष्ट र कानूनसम्मत आधार खुलाउनुपर्ने हुन्छ । तर तहाँ अदालतबाट भएको आदेशमा सो कुनै आधार र कारण कुरा खुलाएको देखिएन । धरौट माग गर्दा प्रति व्यक्ति दावी र प्रमाणसमेतको मूल्याङ्कन गरी अ.बं. ११८ नं. को देहाय ५ र १० मा तोकिएको आधारमा धरौट माग गर्नुपर्नेमा धेरै बिगो दावी भएका मुख्य प्रतिवादीलाई रू.१५,००,०००।– र सोभन्दा

निकै कम रू.१,५०,०००।– बिगो दावी भएका यी प्रतिवादीलाई समानरूपमा रू.१५,००,०००।– धरौट माग गरेको अवस्थालाई दृष्टिगत गरी हेर्दा यी निवेदकबाट माग गरिएको धरौट रकम उपरोक्त कानूनी व्यवस्थामा तोकिएको आधारअनुकूल नदेखिँदा तहाँ वाणिज्य इजलासबाट भएको मिति २०७१।९।२५ को आदेश बदर हुने।

इति संवत् २०७१ साल फागुन १५ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RE-०१४८, बहुविवाह, *दीपक भन्ने कुश्माखर पाण्डेको हकमा जिवलाल पाण्डे वि. नेपाल सरकार*

प्रतिवादी दीपक भन्ने कुश्माखर पाण्डे विदेश गएको समयमा निजको नामको म्याद तामेल भई निज फर्की आउने ठेगाना नभएको भन्दै निजका बुबाले छोराको हकमा मुद्दामा हाजिर भई पुर्पक्ष गर्न अनुमति पाउन निवेदन गरेको देखिन्छ। म्यादवाला प्रतिवादी विदेश गएको भन्ने कुरा निवेदनसाथ पेस भएको राहदानीको प्रतिलिपिबाट पनि देखिएको छ। यस परिप्रेक्ष्यमा निवेदकले अ.बं. ८३ नं. बमोजिम अनुमति मागेकोमा सोही अ.बं. ८३ नं. को देहाय ३ र ४ नं. को रीत पुर्‍याई निवेदकलाई हाजिर भई मुद्दामा पुर्पक्ष गर्न अनुमति दिनुपर्नेमा अनुमति दिन नमिल्ने भनी गरेको त्यस अदालतको मिति २०७१।८।१६ को आदेश बदर हुने।

इति संवत् २०७१ साल फागुन १५ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RE-०१०९, ठगी, *एसे लोडेई लामा वि. नेपाल सरकार*

निवेदक कसुरजन्य कुरामा इन्कार रही बयान गरेको छ। प्रतिवादीउपर चित्त नेपालको बैङ्क खातामा रहेको रकम निकाली विदेशी अमेरिकन नागरिक माइकेल ए. डोबेसँग मिलेमतो गरी ठगी गरेको भन्ने अभियोग दावी रहेको छ। तर चित्त नेपाल संस्थाको मिति २०६९।११।२४ को बैठकले निर्णय गरी निज प्रतिवादी एसे लोडेई लामाले संस्थाको कुनै रकम हिनामिना र दुरूपयोग नगरेको भनी जिल्ला प्रशासन कार्यलय, काठमाडौंलाई पठाएको पत्रबाट देखिएको समेतका तत्काल प्राप्त प्रमाणबाट निज कसुरदार देखिन नआएकाले निजलाई अ.बं. ११८ नं. को देहाय २ बमोजिम पुर्पक्ष निमित्त थुनामा राख्ने गरेको आदेश नमिलेकाले बदर हुने।

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-०१५०, गोबध, *अशोक लामिछाने वि. नेपाल सरकार*

प्रतिवादी निवेदक अशोक लामिछाने कसुरजन्य कुरामा अनुसन्धान अधिकारी र अदालतमा समेत इन्कार रही बयान गरेको तथा साँढेलाई मार्ने कार्यमा निजको संलग्नता रहेको भन्ने सहअभियुक्तहरूको कथनसमेतबाट नदेखिएकाले तत्काल प्राप्त प्रमाणबाट कसुरदार हो भन्ने देखिन नआएकाले अ.बं.११८ नं. को देहाय २ बमोजिम निज प्रतिवादीलाई पुर्पक्ष निमित्त थुनामा राख्ने गरेको त्यस अदालतको आदेश मिलेको नहुँदा बदर हुने।

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RE-०११२, निषेधाज्ञा/परमादेश, *राजेन्द्रकुमार खेतानसमेत वि. कैलाशचन्द्र गोयल*

विपक्षी रिट निवेदक कैलाशचन्द्र गोयलको निर्वाचित पदाधिकारीको पदावधि समाप्त भइसकेको देखिएको, जिल्ला प्रशासन कार्यलय, काठमाडौंमा निवेदनमा उल्लिखित विषय विचाराधीन रही नियमनकारी निकायबाट नै विचार हुने विषय देखिएको र संस्थाको विधानको हकमा नेपाल कानूनसरह कार्यान्वयन गर्न परमादेशको लागि अन्तरिम आदेश जारी हुने अवस्था विद्यमान नदेखिएको सन्दर्भमा मिति २०७१।०७।१४।६ मा पुनरावेदन अदालत, पाटन एक न्यायाधीशको इजलासबाट जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने गरी भएको उक्त अदालतको संयुक्त इजलासको मिति २०७१।०७।२८।६ को आदेश मिलेको नदेखिँदा बदर हुने।

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री दीपकराज जोशी,** ०७१-RE-०२८४, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. भुल्ला भन्ने राम एकवाल राउत*

पीडित जाहेरवाला मुकेश महासेठलाई बन्धक बनाई राखेको मानिसको ठाउँ अर्थात् प्रतिवादी सुनील साहले डेरा लिई बसेको घरधनी पवनदेवीको अनुसन्धान अधिकारीसमक्षको मिति २०६६।१।२७ को कागजबाट प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिती बयान कागज समर्थित भएको देखिनाले त्यहाँ सुरू अदालतबाट प्रतिवादी राम एकवाल राउतलाई थुनामा राखी पुर्पक्ष गर्ने गरी मिति २०६९।२।३१ मा भएको आदेश बदर गरी निज प्रतिवादीलाई अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।१०।२३ मा भएको आदेश रीतपूर्वकको नदेखिँदा बदर हुने।

इति संवत् २०७१ साल फागुन १५ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RE-०१४२, ज्यान मार्ने उद्योग, *दामोदर पासवानसमेत वि. नेपाल सरकार*

प्रतिवादी जयकिशोर पासवानलाई पीडितको घाउको प्रकृति मर्नेसम्मको भएको कुरा घा जाँच केश फारामबाट नदेखिएको हुँदा निजलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७०।१२।१६ मा भएको आदेश सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।०३।२६ को आदेश बदर हुने गरी मिति २०७१।०६।०१ मा तारिखमा राख्ने आदेश भएको देखिँदा यी निवेदकलाई पनि थुनामा राख्ने गरी भएको त्यस अदालतको मिति २०७०।१२।१६ को सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।०३।२६ को आदेश मिलेको नदेखिँदा बदर हुने।

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RE-०१२४,

अपहरण तथा शरीर बन्धक, *प्रविन भन्ने टेकबहादुर बोगटी वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा साक्षी प्रमाण बुझी अङ्ग पुगिसकेको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।०२।०९ को आदेशको सम्बन्धमा आदेश गर्दा तल्लो तहको अदालतको निर्णयमा हस्तक्षेप हुने हुँदा थुनुवा रहेको मुद्दा भएको र अङ्ग पुगिसकेकाले कानूनबमोजिम छिटो कारवाही किनारा गर्ने।

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RE-०१४९, कर्तव्य ज्यान, *लोकबहादुर थापामगर वि. नेपाल सरकार*

प्रतिवादी लोकबहादुर थापामगर आरोपित कसुरमा इन्कार रहनुका अतिरिक्त वारदातस्थलमा रहे भएको तथ्य तत्काल प्राप्त प्रमाणबाट नदेखिएको, चस्मदीद तथा पीडित गवाहहरूले समेत वारदातस्थलमा प्रतिवादीलाई देखेको भन्न पनि नसकेको अवस्थामा तत्काल प्राप्त प्रमाणबाट लोकबहादुर थापामगर कसुरदार हुन् भन्ने स्पष्ट नदेखिँदा निजलाई पुर्पक्षको लागि थुनामा राख्ने गरेको उदयपुर जिल्ला अदालतको मिति २०७१।५।१० को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।७।१३ को आदेश बेरीतको देखिँदा बदर हुने।

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RE-०१६७, अंश दर्ता, *बुद्धिबहादुर न्यौपानेसमेत वि. गोमाकुमारी राउत*

वादीका पति स्वयम्ले अंश छुट्टि भिन्न भएको भन्ने स्वीकार गरी पारित भएको मिति २०५३।१।२३ समेतको लिखततर्फ सो लिखतका सम्बन्धमा मुख नमिलेतर्फ प्रमाणको विवेचना नभएको र मिति २०७१।९।८ मा अंशको तायदाती माग गर्दा कुन मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने हो सोसमेत नदेखिँदा यसरी मानो छुट्टिएको मिति नै कायम नगरी अंशको तायदाती मागेको कार्यमा रीत पुगेको नदेखिँदा सो मितिको आदेश बदर हुने।

इति संवत् २०७१ साल फागुन १५ गते रोज ६ शुभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RE-०१३२, लेनदेन, *विदुर लोचन भन्ने तारा लोचन न्यौपाने वि. ईश्वरप्रसाद गुरागाईंसमेत*

ऋणी ईश्वरप्रसाद गुरागाईंले ऋण खाएको अवस्था सगोलमा रहेकी निजकी आमा दुर्गाकुमारी गुरागाईं र ऋणीको बीचमा बन्डा गरी सम्पत्ति बाँडफाँट गरेको देखिन्छ। २०६७ सालको ऋणमा तत्पश्चात बन्डा गरी अंशियारहरू छुट्टिँदा अघिको ऋणको हकमा केही नबोलेको र ऋणको दायित्वबाट प्रतिवादीहरू पन्छिनसक्ने स्थितिलाई विचार गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा रोक्का रहेको जग्गा आधार र कारणबिना काठमाडौं जिल्ला अदालतको आदेश नै बदर नगरी जग्गा फुकुवा गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।५।९ को आदेश मिलेको नदेखिँदा बदर हुने।

इति संवत् २०७१ साल फागुन १ गते रोज ६ शुभम्।

१२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-AP-०२३९, अंश चलन, *प्रकाशराज पाण्डे वि. प्रदीपराज पाण्डे*

वादीले प्राप्त गरेको नागरिकता प्रमाणपत्र र त्यस सम्बन्धमा २०६६ सालमा भएको गृह मन्त्रालयको निर्णयसमेतको आधार लिई गरेको आदेशलाई मुलुकी ऐन, अ.बं. १७ नं. को निवेदनको रोहमा अन्यथा गर्नु उपयुक्त नहुने।

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

१३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-AP-०२३५, कुटपीट, *रानीदेवी कान्दु वि. सरस्वती यादव भन्ने सुरसती अहिर*

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १५ को उपनियम (१) को खण्ड (घ) मा यो नियम वा अन्य प्रचलित कानूनको अधीनमा रही तल्लो अदालतको फैसलाबमोजिम लागेको जरिवाना कैदबापतको धरौट वा जमानत लिई पुनरावेदन वा मुद्दा दोहोर्‍याउने, निवेदनपत्र दर्ता गर्ने भन्ने उल्लेख भएकाले निजसमक्ष निवेदिकाले प्रस्तुत सुविधाको माग गर्न जानुपर्नेमा पुनरावेदन अदालत, नेपालगन्जसमक्ष अ.बं. १९४ नं. को धरौट सुविधाको माग गरेको नै मिलेको नदेखिने।

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति